का.जि.प्र.का.द.नं. १००/०५२/६०
१२ कार्तिक २०८३
बिहीबार
5 November 2026
Thursday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

मध्यान्ह

राष्ट्रिय दैनिक

ई-पेपर हेर्न

वर्ष २४, अंक २७९। पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com



बालेन-रवि शक्तिसंघर्ष

कोपभाजनमा कार्की

पक्राउसम्बन्धी निर्देशनमा कानुनी आधारको अडान, रवि लामिछानेसँगको निकटता र इनम सापकोटाको मोबाइल प्रकरणले आइजिपी दानबहादुर कार्की र प्रधानमन्त्रीको सचिवालयबीच दूरी बढाएको थियो । यही टकराव उनको पदमुक्तिको कारण बन्यो ।

जनक नेपाल र सपना बोहरा
काठमाडौं, १८ कार्तिक

सरकारले बुधबार आकस्मिक मन्त्रिपरिषद् बैठकबाट नेपाल प्रहरीका महानिरीक्षक (आइजिपी) दानबहादुर कार्कीलाई पदबाट हटाएर एआइजी मनोज केसीलाई नयाँ आइजिपी नियुक्त गरेको छ । कार्कीको कार्यकाल अझै १७ महिना बाँकी थियो । सरकारले यसलाई कारबाही नभई जिम्मेवारी फेरबदल भन्दै कार्कीलाई प्रधानमन्त्रीको विशेष सुरक्षा सल्लाहकार तोकेको छ ।

आइजिपी कार्कीलाई हटाउने निर्णय बुधबार अचानक आए पनि त्यसको पृष्ठभूमि केही महिनादेखि तयार भइरहेको थियो । पक्राउसम्बन्धी निर्देशन, प्रहरी संगठनमाथिको नियन्त्रण र अनुसन्धान प्रक्रियालाई लिएर प्रधानमन्त्री बालेन्द्र शाहको सचिवालय र प्रहरी नेतृत्वबीच पटकपटक मतभेद उत्पन्न भएको थियो । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) सभापति रवि लामिछानेसँग कार्कीको निकटता पनि शाह र उनको सचिवालयलाई असहज लागेको स्रोतहरूको दाबी छ ।

कार्कीलाई हटाउन प्रधानमन्त्री शाहले लामिछानेको सहमति चाहेका थिए । तर, कुरा नमिल्दा भन्डै तीन सातासम्म मन्त्रिपरिषद्को बैठकसमेत बसेन । मंगलबार बसेको मन्त्रिपरिषद् बैठकले दुई अध्यादेश अघि बढाएको थियो । बुधबार एकाएक बिचौलिया इनम सापकोटाको मोबाइल प्रकरण सार्वजनिक भएपछि प्रधानमन्त्री शाहले आकस्मिक बैठक राखेर कार्कीलाई हटाउने निर्णय लिएका हुन् । घटनाक्रमले आइजिपी कार्की बालेन-रविको सत्ता संघर्षको कोपभाजनमा परेको देखाउँछ ।

प्रहरी निर्देशनमा रविको चासो

लामिछानेसँग आइजिपी कार्कीको लामो समयदेखिको निकटता प्रधानमन्त्री शाह र उनको टिमलाई सुरुदेखि नै सहज »» पृष्ठ २ मा

३० वर्षपछि प्रहरीमा दोहोरियो आइजिपी काण्ड





नेपाल प्रहरीको महानिरीक्षक (आइजिपी) हटाउने विवाद ३० वर्षपछि फेरि दोहोरिएको छ । तत्कालीन सरकारले २०५३ सालमा आइजिपी अच्युतकृष्ण खरेललाई हटाएर ध्रुवबहादुर प्रधानलाई नियुक्त गरेको घटनासँग अहिले दानबहादुर कार्कीलाई पदमुक्त गरिएको घटनाको तुलना हुन थालेको छ ।

तत्कालीन गृहमन्त्री वामदेव गौतमले २०५३ चैत २१ गते खरेललाई हटाएर प्रधानलाई आइजिपी नियुक्त गरेका थिए । खरेललाई राष्ट्रिय अनुसन्धान विभागको प्रमुखमा सरुवा गरिएको थियो । त्यसविरुद्ध खरेल सर्वोच्च अदालत पुगेका थिए ।

२०५४ असोजमा चन्द नेतृत्वको सरकार ढलेपछि सूर्यबहादुर थापा प्रधानमन्त्री बने । उनको मन्त्रिपरिषद्ले खरेललाई पुनः आइजिपीमा फर्काउने र प्रधानलाई प्रधानमन्त्रीको विशेष सल्लाहकार नियुक्त गर्ने निर्णय गऱ्यो । खरेलले २०५४ मंसिर २६ गते पुनः प्रहरी नेतृत्व सम्हालेका थिए ।

यसैबीच, खरेलले दायर गरेको रिटमा सर्वोच्च अदालतले २०५५ असार १९ गते महत्त्वपूर्ण व्याख्या गरेको थियो । अदालतले आइजिपी राजनीतिक नियुक्ति नभएको भन्दै सरकार परिवर्तन हुँदैमा प्रहरी नेतृत्व पनि परिवर्तन गर्न नमिल्ने ठहर गरेको थियो ।

सर्वोच्चले पर्याप्त कारण र औचित्यबिना प्रहरी प्रमुख हटाउँदा प्रहरी संगठनको मनोबल, व्यावसायिकता र निष्पक्षतामा असर पर्ने व्याख्या गरेको थियो । फैसलामा भनिएको थियो, 'सरकार परिवर्तन हुनेबित्तिकै प्रहरी प्रमुख परिवर्तन गर्ने परम्परा रहेमा भयावह स्थिति उत्पन्न हुने अवस्था आउँछ ।'

अदालतले खरेललाई हटाउनुको देखिने कारण प्रधानलाई आइजिपी बनाउनु मात्रै रहेको उल्लेख गर्दै निर्णयलाई स्वेच्छाचारी, राजनीतिक उद्देश्यबाट प्रेरित र कानुनको शासनविपरीत मानेको थियो । राष्ट्रिय अनुसन्धान विभागमा सरुवा गर्नु पनि अनुशासनात्मक »» पृष्ठ २ मा

को हुन् नयाँ आइजिपी केसी ?



नक्कली भुटानी शरणार्थी प्रकरणको अनुसन्धान गरेर चर्चामा आएका मनोज केसी नेपाल प्रहरीको सर्वोच्च नेतृत्वमा पुगेका छन् । बुधबार बसेको मन्त्रिपरिषद् बैठकले उनलाई ३४औं प्रहरी महानिरीक्षक (आइजिपी) नियुक्त गरेको हो । यसअघि उनी केन्द्रीय अपराध अनुसन्धान ब्युरो प्रमुख थिए । २०५४ चैत २८ गते प्रहरी निरीक्षकबाट सेवा सुरु गरेका केसी करिब २८ वर्षपछि संगठनको नेतृत्वमा पुगेका हुन् । प्रहरी सेवाका विभिन्न जिम्मेवारी सम्हाल्दै उनी एआइजीसम्म पुगेका थिए । उनको व्यावसायिक यात्रामा अपराध अनुसन्धान, प्रहरी प्रशासन र अन्तर्राष्ट्रिय शान्ति मिसनको अनुभव छ । »» पृष्ठ २ मा




सरकार दिन-प्रतिदिन स्वेच्छाचारी हुँदै गएको छ । डन्डाले शासन चलाउन चाहेको छ । त्यसमा विधि, प्रक्रिया र कानुन खोजेर प्रहरी बाधक बन्यो । नयाँ आइजिपीले पनि यो बुझ्नुपर्छ ।

● **हेमन्त मल्ल**
पूर्वडिआइजी

सरकार र पार्टीको कुरा बाझियो





कार्कीलाई हटाउने निर्णयपछि सरकार र रास्वपाका प्रवक्ताको भनाइसमेत बाझिएको छ । सरकारका प्रवक्ता तथा शिक्षामन्त्री सस्मित पोखरेलले संवेदनशील विषयमा सरकारले कदम चाल्नुपर्ने निर्देशन पार्टीबाट आएको र त्यसैअनुसार कार्कीको जिम्मेवारी परिवर्तन गरिएको बताएका छन् । »» पृष्ठ २ मा



स्थानीय तहमै टुंगिन्छन् ८० प्रतिशत विवाद

न्यायिक समितिले सम्बन्धविच्छेद, गालीबेइज्जती, लुटपाट तथा कानुनले मेलमिलाप गर्न मिल्ने विवादमा मेलमिलाप गराउन सक्छ । कुलो, पानीघाटको बाँडफाँट, बाली नोक्सानी, ज्याला मजदुरी नदिएको र ज्येष्ठ नागरिकको पालनपोषण तथा हेरचाह नगरेको विषय समेत निरूपण गर्ने अधिकार पनि राख्दछ ।



८० प्रतिशत विवाद स्थानीय तहबाट मेलमिलाप भएको देखिन्छ । तर अदालतको करिब ३० प्रतिशत मात्रै छ ।

■ **पाराश्वर ढुंगाना**
सचिव कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय



स्थानीय तहमा मेलमिलापमार्फत विवाद समाधान भएपछि त्यसलाई व्यवस्थित गरेर वैधानिकता दिँदा त्यो अदालतलाई कामयाबी हुन्छ ।

■ **गुरूप्रसाद बराल**
सांसद, नेकपा एमाले

दिवाकर अधिकारी/मध्यान्ह
काठमाडौं, १८ कार्तिक

स्थानीय तहमा पुगेका विवादमध्ये करिब ८० प्रतिशत मेलमिलापबाटै टुंगिने गरेका छन् । तर अदालतमा पुग्ने विवादमध्ये करिब ३० प्रतिशत मात्रै मेलमिलाप प्रक्रियामा जाने गरेका छन् ।

स्थानीय तहको मेलमिलाप प्रणाली तुलनात्मक रूपमा प्रभावकारी देखिए पनि अदालतमा मेलमिलापको अभ्यास अपेक्षाअनुसार विस्तार हुन नसकेको बताउँछन् कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयका सचिव पाराश्वर ढुंगाना । '८० प्रतिशत विवादहरू स्थानीय तहबाट मेलमिलाप भएको देखिन्छ । तर अदालतको करिब ३० प्रतिशत मात्रै छ,' ढुंगानाले गत मंगलबार प्रतिनिधिसभाअन्तर्गतको कानुन न्याय तथा मानवअधिकार समितिको बैठकमा भने ।

यही अवस्थालाई ध्यानमा राखेर सरकारले मेलमिलापसम्बन्धी कानुन संशोधन गर्न लागेको छ ।

सचिव ढुंगानाका अनुसार सर्वोच्च अदालतको मेलमिलाप परिषद्ले तयार पारेको रणनीतिक योजनाले अदालतमा रहेका ५० प्रतिशत मुद्दा मेलमिलापमा पठाउने लक्ष्य राखेको छ । तर यसअघिका प्रयासमा ३० प्रतिशतभन्दा बढी मुद्दा मेलमिलापमा पठाउन सकिएको छैन । मेलमिलापमा मुद्दा पठाउने अनुपात किन बढ्न सकेन भनेर परिषद्ले तल्लो तहसम्म पुगेर अनुसन्धानसमेत गरेको थियो । यसआधारमा प्रचलित ऐन संशोधन गर्न लागिएको सचिव ढुंगानाले बताए । »» पृष्ठ २ मा

दुई वर्षमै खस्कियो ट्रम्पको लोकप्रियता

भावना पाठक/मध्यान्ह
काठमाडौं, १८ कार्तिक

अमेरिकामा भएको मध्यावधि निर्वाचनले राष्ट्रपति डोनाल्ड ट्रम्पको लोकप्रियता खस्किएको देखाएको छ । दोस्रो कार्यकालको पहिलो दुई वर्षमै अमेरिकी मतदाताले उनको प्रशासनलाई अल्पमतमा पारेका छन् ।

नोभेम्बर ३ मा सम्पन्न मध्यावधि निर्वाचनमा डेमोक्रेटिक पार्टीले प्रतिनिधिसभा र सिनेट दुवैमा बहुमत हासिल गरेको छ । रिपब्लिकन पार्टीको नियन्त्रणमा रहेका दुवै सदन गुम्नु ट्रम्पका लागि »» पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

मलेसियाको नयाँ रोजगारीमा संकट

मध्यान्ह संवाददाता
काठमाडौं, १८ कार्तिक

वैदेशिक रोजगारीको सबैभन्दा ठूलो गन्तव्य मलेसियामा अहिले करिब चार लाख नेपाली कार्यरत छन् । उत्पादन, निर्माण, सेवा र अन्य क्षेत्रमा काम गरिरहेका उनीहरूको रोजगारीसँगै नयाँ श्रमिकका लागि मलेसिया जाने अवसर पनि अहिले भर्ती प्रणालीसम्बन्धी विवादमा अल्झिएको छ । मलेसियाले नेपालबाट श्रमिक ल्याउन २५ वटा मुख्य र २५० सहायक म्यानपावर एजेन्सीको संरचना अनिवार्य गरेको छ । नेपालले भने सीमित कम्पनीलाई मात्रै भर्तीको अधिकार दिने यो व्यवस्थालाई स्वीकार गरेको छैन ।

विवादले नयाँ श्रमिक पठाउने प्रक्रिया नै प्रभावित पारेको छ । मलेसियाले अक्टोबर १ देखि नेपाली श्रमिकको नयाँ स्वास्थ्य परीक्षण प्रक्रिया रोकेको हो । स्वास्थ्य परीक्षण रोकिएपछि नयाँ कलिङ भिसा जारी हुने प्रक्रिया पनि अवरुद्ध छ । नोभेम्बर ५ देखि नयाँ प्रणाली लागू गर्ने मलेसियाको निर्णयसँगै दुई देशबीचको असमझदारी थप पेचिलो बनेको छ ।

यो विवाद म्यानपावर कम्पनीबीचको प्रतिस्पर्धामा मात्र सीमित छैन । »» पृष्ठ २ मा

एयरपोर्टमा आप्रवासी श्रमिक परिवार प्रतीक्षालय

काठमाडौं/मस- वैदेशिक रोजगार बोर्डले आफ्नो १८औं स्थापना दिवसका अवसरमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा आप्रवासी श्रमिक परिवार प्रतीक्षालय तथा विश्राम कक्ष सञ्चालनमा ल्याएको छ । वैदेशिक रोजगारीका क्रममा जीवन गुमाउने नेपाली श्रमिकका परिवार तथा आफन्तहरूको प्रतीक्षा केही भए पनि सहज होस् भन्ने उद्देश्यले यो सेवा सुरु गरिएको बोर्डका कार्यकारी निर्देशक निर्मलकुमार उप्रेतीले बताएका छन् । »» पृष्ठ २ मा

स्वस्थ रहन: जीवनशैली परिवर्तन गरौं

असन्तुलित खानपिन तथा जीवनशैलीका कारण विभिन्न रोगहरु लाग्न सक्छन् । त्यसैले,

- स्वस्थ र सन्तुलित खाना खाऔं,
- शारीरिक क्रियाकलाप तथा नियमित व्यायाम गरौं,
- मदिरा तथा सुर्तिजन्य पदार्थको उपभोग नगरौं,
- प्रशस्त मात्रामा पानी पिउने गरौं,
- तनाव व्यवस्थापन गरौं ।



नेपाल सरकार
विज्ञापन बोर्ड

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

कोपभाजनमा...

लागेको थिएन । प्रधानमन्त्री कार्यालयबाट आउने हरेक निर्देशन लामिछानेसम्म पुग्ने र त्यसपछि राजनीतिक तहबाट फरक सन्देश आउने गरेको भन्दै सचिवालय टिम असन्तुष्ट रहेको स्रोतहरूको दावी छ ।

तत्कालीन उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री गौरीकुमारी यादवलाई नियन्त्रणमा लिएर स्पष्टीकरण सोध्ने सरकारको तयारीलाई सभापति लामिछानेले रोकेका थिए । पेट्रोलियम पदार्थको मूल्य घटाउने निर्णय र त्यससम्बन्धी सूचना चुहाएको आरोपमा यादवलाई नियन्त्रणमा लिन प्रधानमन्त्रीको सचिवालयबाट निर्देशन आएको थियो । उपत्यका अपराध अनुसन्धान कार्यालयको टोली परिचालन भइसकेपछि विषय लामिछानेसम्म पुगेको र त्यसपछि प्रहरीलाई पछि हट्न भनिएको थियो । प्रहरी उच्च अधिकारीहरूका अनुसार, यस्ता घटनाले प्रहरीको निर्णय प्रक्रियामा राजनीतिक हस्तक्षेप बढाएको थियो । प्रधानमन्त्री कार्यालयको निर्देशन र पार्टी नेतृत्वको चासोबीच कार्कील खेल्न खोजेको आरोप वालेन टिमको थियो ।

पक्राउका आदेशमा आलटाल

प्रधानमन्त्री शाह र गृहमन्त्री सुधन गुरुङबाट आउने पक्राउसम्बन्धी निर्देशन तत्काल कार्यान्वयन नगरेको आरोप कार्कीमाथि लाग्दै आएको थियो । तर कार्कीको अडान पक्राउजस्तो गम्भीर विषयमा कानुनी आधार र प्रक्रिया स्पष्ट हुनुपर्ने थियो ।

गौरीबहादुर कार्की आयोगको प्रतिवेदन कार्यान्वयन गर्ने निर्णयपछि पूर्वप्रधानमन्त्री केपी शर्मा ओली र पूर्वगृहमन्त्री रमेश लेखकलाई पक्राउ गर्ने विषय अघि बढेको थियो । गृहमन्त्री गुरुङले तत्काल पक्राउ गर्न निर्देशन दिए पनि कार्कीले प्रतिवेदन अध्ययन गर्न समय र लिखित आदेश मागेका थिए । प्रधानमन्त्रीको सचिवालयले ११ चैतको राति ११ बजेभित्रै पक्राउ गर्न दबाब दिएको थियो । कानुन मन्त्रालयका सचिवसमेत सहभागी छलफलपछि लिखित आदेश जारी भयो र १४ चैतको बिहान ओली तथा लेखक पक्राउ परे ।

प्रहरी स्रोतका अनुसार पूर्वप्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबरालाई मध्यरातमा पक्राउ गर्ने निर्देशनमा पनि कार्कीले आलटाल गरेका थिए । कार्कीले पक्राउको कानुनी आधार खोजेका थिए । पत्रकार किशोर श्रेष्ठलाई पक्राउ गर्ने विषयमा पनि उनले प्रक्रिया पूरा गर्नुपर्ने बताएका थिए । निरन्तर दबावपछि श्रेष्ठ २७ साउनमा पक्राउ परे ।

प्रहरी नेतृत्वले कानुनी आधारबिना पक्राउ गर्दा अनुसन्धान र अदालतमा मुद्दाको प्रतिरक्षामा समस्या आउन सक्ने तर्क गर्दै आएको थियो । प्रधानमन्त्री सचिवालयनिकट स्रोतले भने यस्ता अडानलाई सरकारको सुशासन अभियानमा असहयोगका रूपमा बुझेको थियो ।

पोसाक खरिदमा विवाद

कार्की र प्रधानमन्त्री समूहबीच दूरी बढाउने अर्को विषय निर्वाचन प्रहरीका लागि खरिद गरिएको पोसाक तथा बन्दोबस्तीका सामग्रीको विवाद थियो । खरिदमा अनियमितता भएको आरोप उठेपछि रास्वपा सांसद खगेन्द्र सुनारले सार्वजनिक लेखा समितिमा आईजिपी कार्कीलाई निलम्बन गरेर अनुसन्धान गर्नुपर्ने माग गरेका थिए ।

संसदीय छानबिन पूरा नहुँदै कार्कीलाई हटाउनुपर्ने माग उठेपछि प्रहरी नेतृत्व र सत्तारूढ दलका सांसदबीच मतभेद देखियो । कार्कीले समितिमा आरोपकै आधारमा कसैलाई दोषी ठहर गर्न नमिल्ने आशय व्यक्त गरेका थिए ।

प्रधानमन्त्री पक्षले सांसद सुनारमार्फत कार्कीमाथि दबाब बढाएको प्रहरीवृत्तको बुझाइ छ । तर पोसाक खरिदको विवाद र आईजिपी परिवर्तनबीच प्रत्यक्ष सम्बन्ध देखिँदैन । यस विषयमा लेखा समितिले उपसमिति बनाएर छानबिन अघि बढाएको छ ।

इनम प्रकरणले बढाएको दूरी

कार्कीलाई हटाउने निर्णयको तत्कालीन मुख्य कारण भने बिचौलिया इनम सापकोटाको मोबाइल प्रकरणलाई मानिएको छ । सम्पत्ति शुद्धीकरण र बैंकिङ कसुरसम्बन्धी अनुसन्धानमा रहेका सापकोटाको मोबाइलमा प्रहरी अधिकारी, न्यायाधीश, राजनीतिक व्यक्तित्व र प्रधानमन्त्रीको सचिवालयसँग जोडिएका संवाद तथा सम्पर्क विवरण रहेको खुलेको छ । सापकोटा र आईजिपी कार्कीबीच पनि सन्देश आदानप्रदान भएको र एकपटक भेट भएको दावी सचिवालयको छ । कार्कीले भने सापकोटासँग कुनै अनुचित सम्बन्ध नरहेको बताएका छन् । सामान्य परिचय र भेटघाटबाहेक अस्वाभाविक सम्बन्ध नभएको तथा सापकोटा पक्राउ परेपछि मात्र उनको वास्तविक परिचय र गतिविधिबारे थाहा पाएको उनको भनाइ थियो ।

इनमको मोबाइल फरेन्सिक परीक्षण हुनुअघि दुई दिनसम्म प्रधानमन्त्री शाहका प्रमुख सल्लाहकार कुमार बेनको नियन्त्रणमा रहेको उच्च प्रहरी स्रोतको दावी सार्वजनिक भएपछि विवाद थप चर्कियो । उक्त अवधिमा मोबाइलबाट सामाजिक सञ्जाल प्रयोग भएको, स्किनसट लिइएको र केही सन्देश मेटिएको दावीसमेत आएको थियो ।

बेनले मोबाइल आफ्नो नियन्त्रणमा रहेको भन्ने दावीबारे स्पष्ट जवाफ दिएका थिएनन् । सरकारका प्रवक्ता सस्मित पोखरेलले भने यसबारे आफूलाई जानकारी नभएको र बाहिर आएको कुरा हल्ला मात्र भएको बताएका थिए । यही आधारमा प्रधानमन्त्री सचिवालयले कार्कीमाथि संवेदनशील सूचना चुहाएको आरोप लगाएको थियो ।

कार्कीको कार्यकालमा प्रहरी र सेनाबीच पनि दूरी बढेको देखिन्छ । भोटेकोशी बाढीका बेला प्रहरीसँग आफ्नै हेलिकोप्टर भएको भए थप मानिसको ज्यान बचाउन सकिने अभिव्यक्ति कार्कीले एक टेलिभिजन अन्तर्वार्तामा दिएका थिए । 'प्रहरीसँग हेलिकोप्टर मात्र हुन्थ्यो भने धेरै मान्छे बचाउन सक्थ्यौं,' उनले भनेका थिए । उक्त अभिव्यक्तिप्रति प्रधानसेनापति अशोकराज सिग्देलले असन्तुष्टि व्यक्त गर्दै प्रधानमन्त्रीको ध्यानाकर्षण गराएका थिए । त्यसपछि प्रधानमन्त्रीले कार्कीलाई बोलाएर विवादास्पद अन्तर्वार्ता नदिन सचेत गराएका थिए ।

त्यसो त, प्रधानमन्त्री शाह र उनको टोली सुरुदेखि नै कार्कीको पक्षमा थिएन । गत वर्ष कात्तिकमा तत्कालीन अन्तरिम सरकारलाई कार्कीको सट्टा मनोज केसी आईजिपी बनाउन दबाब दिइएको थियो । तर, तत्कालीन गृहमन्त्री ओमप्रकाश अर्याल रोलक्रम र वरिष्ठता मिचेर विवादमा आउन चाहेनन् । रास्वपा सभापति लामिछानेले भने कार्कीको पक्षमा लविड्न गरेका थिए । आफू सरकारमा आएसँगै आईजिपी कार्कीप्रति प्रधानमन्त्री वालेन र उनको टिम सकारात्मक नरहेको गृहस्रोत बताउँछ ।

पूर्वडिआइजी हेमन्त मल्ल नयाँ आईजिपी अयोग्य नभए पनि सरकारको रवैया ठिक नभएको बताउँछन् । 'सरकारले डन्डाले शासन चलाउन चाहेको छ । त्यसमा प्रहरीले विधि, प्रक्रिया र कानुन खोजेर बाधक बन्यो,' उनी भन्छन्, 'सरकार दिन-प्रतिदिन स्वेच्छाचारी हुँदै गएको छ । नयाँ आईजिपीले पनि यो बुझ्नुपर्छ ।'

प्रस्ट आधार र कारणबिनै आईजिपी हटाउँदा संगठनभित्र मनोबल घट्नुका साथै अस्थिरता र असुरक्षा बढाउने मल्ल बताउँछन् । 'चेनअफ कमान्ड भत्काएर तल्लो तललाई पनि डर देखाएर आफूले इच्छाएको काम गर्न खोज्ने प्रवृत्ति देखियो । यो खतरनाक छ,' उनले भने ।

को हुन्...

केसी राष्ट्रिय चर्चामा आउनुको प्रमुख कारण नक्कली भुटानी शरणार्थी प्रकरणको अनुसन्धान हो । काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयमा कार्यरत रहँदा उनले यस प्रकरणको अनुसन्धान अघि बढाएका थिए । २०७९ चैतमा पक्राउको क्रम सुरु भएपछि अनुसन्धानले उच्च राजनीतिक तथा प्रशासनिक तहसम्म प्रवेश पाएको थियो । पूर्वगृहमन्त्री बालकृष्ण खाँण, पूर्वउपप्रधानमन्त्री टोपबहादुर रायमाझी, बहालवाला सचिवलगायतका व्यक्ति यस प्रकरणमा मुछिएका थिए । शक्तिशाली व्यक्तिहरू जोडिएको घटनाको अनुसन्धानले केसीलाई प्रहरी संगठनभित्र मात्र होइन, सार्वजनिक वृत्तमा पनि चर्चित बनायो ।

केसीले प्रहरीका विभिन्न विभाग र कार्यालयमा काम गरेका छन् । एआइजी भएपछि उच्च तहका जिम्मेवारी सम्हालेका उनी २०८२ असोजमा केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी) प्रमुखसमेत बनेका थिए । संयुक्त राष्ट्रसंघीय शान्ति मिसनअन्तर्गत कोसोभो र हाइटीमा काम गरेका उनीसँग अन्तर्राष्ट्रिय अनुभव पनि छ । उनले विद्यावारिधि गरेका छन् ।

अपराध अनुसन्धानमा बनाएको पहिचानलाई समग्र प्रहरी संगठनको सुधारमा रूपान्तरण गर्न सक्नु नै केसीको कार्यकालको मुख्य परीक्षा हुनेछ । गृहमन्त्री सुधन गुरुङबाट दर्ज्यानी चिह्न लगाएपछि मनोज केसीले नागरिकको सुरक्षा र सम्मानलाई आफूले सदैव सर्वोपरि राख्ने प्रतिबद्धता व्यक्त गरेका छन् । प्रहरी संगठनको मर्यादा र निष्पक्षतामा आफूले कुनै सम्झौता नगर्ने दावी गर्दै केसीले आह्वान गरेका छन्, 'आजैदेखि हामी सबै मिलेर कर्तव्यबाट सेवा प्रवाहसम्मको यात्रा सुरु गरौं । जहाँ नागरिकले प्रहरी देख्दा डर होइन, भरोसा महसुस गरून्, प्रत्येक प्रहरीले आफ्नो बर्दीमा गर्व गर्न सकोस् ।'

३० वर्षपछि...

कारबाही नभएको अदालतको व्याख्या थियो । तर, सर्वोच्चले खरेलालाई पुनर्बहाली गर्ने आदेश भने दिएन । अदालतको फैसला आउनुअघि नै मन्त्रिपरिषद्ले उनलाई आइजिपीमा फर्काइसकेको थियो । त्यसैले पुनर्बहाली भइसकेको अवस्थामा थप आदेश दिनुपर्ने आवश्यकता नरहेको भन्दै रिट खारेज गरिएको थियो । खरेल अदालतको आदेशबाट होइन, मन्त्रिपरिषद्को निर्णयबाट पुनर्बहाली भएका थिए ।

अहिले सरकारले कार्कीलाई आइजिपीबाट हटाएर एआइजी मनोज केसीलाई नयाँ महानिरीक्षक नियुक्त गरेको छ । कार्कीलाई प्रधानमन्त्रीको विशेष सुरक्षा सल्लाहकार बनाइएको छ । तर, उनले उक्त जिम्मेवारी स्वीकार नगर्ने र कानुनी उपचार खोज्ने तयारी गरेका छन् ।

सरकार...

तर, रास्वपा प्रवक्ता जगदीश खरेलले पार्टीले कुनै व्यक्तिलाई पदमा राख्न वा हटाउन सरकारलाई निर्देशन नदिएको बताएका छन् । पत्रकार पक्राउ प्रकरणमा दोषीमाथि कारबाही गर्न पार्टीले निर्देशन दिएको भए पनि आईजिपी परिवर्तन गर्न नभनेको उनको भनाइ छ । सरकार र पार्टीका प्रवक्ताको फरक भनाइले कार्कीको पदमुक्तिमा पार्टीको सहमतिमा प्रहरी नेतृत्व हेरफेर नभएको देखाउँछ ।

दुई...

सामान्य चुनावी धक्का मात्र होइन । यसले उनको बाँकी दुईवर्षे कार्यकालमा प्रशासन सञ्चालन, बजेट निर्माण, विदेश नीति, न्यायिक नियुक्ति र राष्ट्रिय सुरक्षासम्बन्धी निर्णयमा समेत राजनीतिक दबाब बढाउने देखिन्छ ।

रिपब्लिकनको बलियो आधार मानिएका कन्सास, साउथ क्यारोलाइना र टेक्ससजस्ता राज्यमा समेत डेमोक्रेटिक उम्मेदवारले उल्लेखनीय सफलता हासिल गरेका छन् । अन्तिम मतगणनापछि दुवै दलले जितेका सिटको संख्या स्पष्ट हुनेछ । तर अहिलेसम्मका नतिजाले ट्रम्पका लागि मध्यावधि निर्वाचन ठुलो राजनीतिक धक्का बनेको देखाउँछन् ।

यसको स्पष्ट उदाहरण टेक्सस हो । सन् २०२४ को राष्ट्रपतीय निर्वाचनमा ट्रम्पले टेक्ससमा कमला ह्यारिसलाई १३.७ प्रतिशत विन्दुको अन्तरले पराजित गरेका थिए । तर यसपटक उनले समर्थन गरेका रिपब्लिकन उम्मेदवार केन प्याक्सटनलाई डेमोक्रेट जेम्स टालारिकोले सिनेट निर्वाचनमा हराएका छन् । यससँगै सन् १९८८ पछि पहिलोपटक टेक्ससबाट डेमोक्रेट उम्मेदवार सिनेटमा निर्वाचित भएका छन् ।

टेक्ससको गभर्नर निर्वाचनमा पनि रिपब्लिकनलाई धक्का लागेको छ । तीन कार्यकालदेखि गभर्नर रहेका ग्रेग एबटलाई डेमोक्रेट उम्मेदवार जिना हिनोहोजाले पराजित गरेकी छन् । सन् १९९४ पछि पहिलोपटक डेमोक्रेटहरूले टेक्ससमा राज्यव्यापी निर्वाचन जितेका हुन् ।

यस्तै, सन् २०२४ मा ट्रम्पले १६ प्रतिशतभन्दा बढी मतान्तरले जितेको कन्सासमा पनि डेमोक्रेट उम्मेदवार एडम ह्यामिल्टन सिनेटमा निर्वाचित भएका छन् । रोयटर्सका अनुसार कन्सासमा ९४ वर्षपछि डेमोक्रेट उम्मेदवारले सिनेट निर्वाचन जितेका हुन् ।

अमेरिकामा मध्यावधि निर्वाचनमा राष्ट्रपतिको दलले संसद्मा सिट गुमाउनु सामान्य मानिन्छ । तर, वसैँदेखि डेमोक्रेटले जित्न नसकेका राज्यमा समेत रिपब्लिकन उम्मेदवार पराजित हुनु ट्रम्पका लागि सामान्य चुनावी हार मात्र नभई उनको लोकप्रियतामाथि उठेको प्रश्न पनि हो । अन्तर्राष्ट्रिय सञ्चारमाध्यमले यसलाई ट्रम्पका लागि 'राजनीतिक धक्का'का रूपमा व्याख्या गरेका छन् ।

लोकप्रियताको संकट : महागीदेखि युद्धसम्म

ट्रम्पको लोकप्रियता घट्नुमा आर्थिक असन्तुष्टि प्रमुख कारणका रूपमा देखिएको छ । अक्टोबर २९ देखि नोभेम्बर २ सम्म गरिएको रोयटर्स/इप्सोस सर्वेक्षणमा उनको कार्यसम्पादनप्रतिको समर्थन ३२ प्रतिशतमा सीमित थियो ।

सर्वेक्षणमा ७८ प्रतिशत मतदाताले जीवनयापनको बढ्दो खर्चलाई निर्वाचनको महत्त्वपूर्ण मुद्दा मानेका थिए । महँगी नियन्त्रण तथा जीवनयापन खर्चको व्यवस्थापनमा ४३ प्रतिशतले डेमोक्रेटिक पार्टी र ३२ प्रतिशतले रिपब्लिकन पार्टीलाई बढी विश्वास गरेका थिए ।

त्यस्तै, अक्टोबर ८ देखि १२ सम्म गरिएको एपी-एनओआरसी सर्वेक्षणमा ७९ प्रतिशत दर्तावाल मतदाताले जीवनयापन खर्चसम्बन्धी ट्रम्पको कामप्रति असन्तुष्टि जनाएका थिए । ७४ प्रतिशतले अर्थतन्त्र व्यवस्थापनमा उनको कार्यसम्पादनप्रति असन्तुष्टि व्यक्त गरेका थिए । अक्टोबर १ मा प्रकाशित अर्को सर्वेक्षणमा ६५ प्रतिशत अमेरिकी वयस्कले बढ्दो महँगीका लागि ट्रम्पका नीतिलाई जिम्मेवार मानेका थिए ।

ट्रम्प नेतृत्वको रिपब्लिकन पार्टीले चुनावमा हार बेहोर्नुमा इरान युद्ध पनि अर्को महत्त्वपूर्ण कारण बनेको छ । नोभेम्बर ३ मा सार्वजनिक गरिएको रोयटर्स/इप्सोस सर्वेक्षणमा ५५ प्रतिशत अमेरिकीले इरानसँगको युद्ध त्यसको लागतअनुसार उचित नभएको धारणा व्यक्त गरेका थिए ।

युद्धका कारण तेल आपूर्तिमा अवरोध आउँदा पेट्रोल र घर तताउन प्रयोग हुने इन्धन महँगिएको थियो । चुनावअघिको एपी-एनओआरसी सर्वेक्षणमा ६४ प्रतिशत मतदाताले इरान युद्धलाई महत्त्वपूर्ण चुनावी मुद्दा मानेका थिए भने ४५ प्रतिशतले आप्रवासन र अपराधलाई प्राथमिकता दिएका थिए ।

अमेरिका र इजरायलको सैन्य कारबाहीपछि चर्किएको द्वन्द्वले मध्यपूर्वको ऊर्जा आपूर्तिमा समेत असर पारेको छ । विश्वको महत्त्वपूर्ण तेल तथा ग्यास ढुवानी मार्ग स्ट्रेट अफ होर्मुजमा तनाव बढ्दा अन्तर्राष्ट्रिय बजारमा इन्धनको मूल्य प्रभावित भएको छ । काउन्सिल अन फरेन रिलेसन्स (सिएफआर)को विश्लेषणले पनि इरान युद्ध र ऊर्जा आपूर्तिमा आएको अवरोधले अमेरिकी घरेलु अर्थतन्त्रमा प्रभाव पारेको उल्लेख गरेको छ ।

मध्यावधिका चार ऐतिहासिक उपलब्धि

अमेरिकामा सम्पन्न मध्यावधि निर्वाचनले यसपटक नयाँ कीर्तिमान बनाएको छ । मतगणना अझै केही राज्यमा जारी रहे पनि विभिन्न राज्यबाट आएका चुनावी परिणामले ऐतिहासिक उपलब्धि हासिल गरेको देखाउँछ । यस निर्वाचनबाट पहिलो मुस्लिम सिनेटरदेखि पहिलो अश्वेत महिला गभर्नरसम्म निर्वाचित भएका छन् ।

मिचिगनबाट अब्दुल अल-सैयद अमेरिकी इतिहासकै पहिलो मुस्लिम सिनेटर बनेका छन् । उनले रिपब्लिकन उम्मेदवार माइक रोजर्सलाई पराजित गरेका हुन् । त्यस्तै, जर्जियाबाट किएसा लान्स बटम्स अमेरिकाको पहिलो अश्वेत महिला गभर्नर बनेकी छन् । उनले रिपब्लिकन उम्मेदवार रिक ज्याक्सनलाई हराएकी हुन् ।

न्यु ह्याम्पसायरबाट क्रिस पापास सिनेटमा निर्वाचित भएका छन् । उनी अमेरिकी सिनेटमा पुग्ने पहिलो खुला समलिंगी पुरुष बनेका छन् ।

यसैगरी, न्यु मेक्सिकोबाट डेब हालान्ड गभर्नर निर्वाचित हुने पहिलो आदिवासी अमेरिकी महिला बनेकी छन् । उनले रिपब्लिकन उम्मेदवार ग्रेग हललाई पराजित गरेकी हुन् ।

स्थानीय....

नेपालमा स्थानीयस्तरमा विवाद मिलाउने अभ्यास पुरानै भए पनि स्थानीय तहमा न्यायिक समितिको संस्थागत अभ्यास भने संविधान २०७२ जारी भएपछि सुरु भएको हो । संविधानको धारा २१७ ले गाउँपालिकामा उपाध्यक्ष र नगरपालिकामा उपप्रमुखको संयोजकत्वमा तीन सदस्यीय न्यायिक समिति रहने व्यवस्था गरेको छ । २०७४ सालको स्थानीय तह निर्वाचनपछि निर्वाचित जनप्रतिनिधिहरूले न्यायिक समितिमार्फत काम सुरु गरेका थिए । २०७४ साल असोज २९ मै स्थानीय सरकार सञ्चालन ऐन जारी भयो । उक्त ऐनले न्यायिक समितिको अधिकार क्षेत्र र कार्यविधि व्यवस्थित गरेको छ ।

स्थानीय सरकार सञ्चालन ऐनको दफा ४७ अनुसार स्थानीय तहअन्तर्गतको न्यायिक समितिले सम्बन्धविच्छेद, गालीबेइज्जती, लुटपाट तथा कानुनले मेलमिलाप गर्न मिल्ने विवादमा मेलमिलाप गराउन सक्छ । यसले कुलो, पानीघाटको बाँडफाँट, बाली नोक्सानी, ज्याला मजदुरी नदिएको र ज्येष्ठ नागरिकको पालनपोषण तथा हेरचाह नगरेको विषयसमेत निरूपण गर्ने अधिकार राख्छ ।

स्थानीय तहमा न्यायिक समितिको अभ्यासले विवाद समाधानमा कस्तो भूमिका खेलेको छ भन्ने नवलपुर जिल्लाअन्तर्गत कावासोती नगरपालिकाको तथ्यांकले पनि देखाउँछ । आर्थिक वर्ष २०७९/८० मा त्यहाँको न्यायिक समितिमा १८१ उजुरी दर्ता भएका थिए । तीमध्ये ९१ वटा मेलमिलापबाट समाधान भएका थिए ।

न्यायिक समितिले मेलमिलाप गराउन नसकेपछि पाँचवटा विवाद अदालत पुगेका थिए । यही पृष्ठभूमिमा सरकारले स्थानीय तहमा मेलमिलाप गराउने नीतिलाई थप प्रभावकारी बनाउने भनेर यससम्बन्धी कानुन संशोधन गर्न लागेको हो । प्रस्तावित विधेयकमा जिल्ला न्यायाधीशलाई समेत मेलमिलापकर्ताका रूपमा राख्न सकिने व्यवस्था प्रस्तावित छ ।

कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयका सचिव ढुंगानाका अनुसार मेलमिलाप भनेको दुवै पक्षको सहमतिमा हुने प्रक्रिया हो । दुवै पक्ष सहमत भए जिल्ला न्यायाधीशलाई समेत मेलमिलापकर्ताका रूपमा रोज्न सकिने व्यवस्था प्रस्तावित छ । तर मेलमिलाप गराउने न्यायाधीशले त्यही विवादको मुद्दा हेर्न नपाउने व्यवस्था पनि विधेयकमा राखिएको छ ।

प्रस्तावित विधेयकले प्रदेश तहमा समन्वय परिषद् तथा स्थानीय तहका मेलमिलाप समितिसँग आबद्ध हुने व्यवस्था पनि प्रस्ताव गरेको छ । केही वाणिज्य प्रकृतिका विवादसमेत मेलमिलापबाट समाधान गर्न सकिने गरी दायरा विस्तार गर्न खोजिएको छ । विधेयकमाथिको छलफलमा सांसदहरूले मेलमिलापकर्ताको निष्पक्षता, स्वतन्त्रता र आचारसंहितासम्बन्धी विषयमा थप प्रस्टता खोजेका छन् ।

नेकपा एमालेका सांसद गुरुप्रसाद बराल स्थानीय तहको न्यायिक समितिले धेरै विवाद समाधान गर्दै आएको र त्यसको व्यवस्थित अभिलेख आवश्यक रहेको बताउँछन् । उनी भन्छन्, 'स्थानीय तहमा मेलमिलापमार्फत विवाद समाधान भएपछि त्यसलाई व्यवस्थित अभिलेख गर्ने र वैधानिकता दिँदा माथिल्ला निकाय वा अदालतलाई त्यो कामयाबी हुन्छ ।'

मलेसियाको...

मलेसियाको श्रम बजारमा नेपाली श्रमिकको पहुँच, भर्ती प्रक्रियाको पारदर्शिता, व्यवसायीको समान अवसर र श्रमिकमाथि हुने शोषण नियन्त्रणसँग यसको प्रत्यक्ष सम्बन्ध छ ।

मलेसियाको नयाँ सर्त

मलेसियाले विदेशी श्रमिक भर्तीलाई व्यवस्थित, पारदर्शी र सरकारी निगरानीमा राख्ने भन्दै विदेशी श्रमिक केन्द्रीकृत व्यवस्थापन प्रणाली लागू गरेको हो । यस प्रणालीअन्तर्गत नेपालबाट श्रमिक पठाउन २५ वटा मुख्य एजेन्सी र तिनका मातहतमा २५० वटा सहायक एजेन्सी रहने व्यवस्था गरिएको छ । प्रत्येक मुख्य एजेन्सीले १० वटा सहायक एजेन्सीमार्फत काम गर्ने संरचना बनाइएको छ ।

मलेसियाको मानव संसाधन मन्त्रालयले अगस्ट २१ मा नेपालसहित १० श्रम स्रोत मुलुकका लागि एजेन्सी तोक्ने व्यवस्था सार्वजनिक गरेको थियो । यो प्रणाली सञ्चालन गर्ने कम्पनी बेस्टिनेटले अक्टोबर ६ मा सूचना जारी गर्दै नेपालका लागि नोभेम्बर ५ देखि नयाँ व्यवस्था लागू हुने जनाएको थियो ।

मलेसियाको भनाइमा, यो प्रणालीले भर्ती प्रक्रियालाई एउटै संयन्त्रमा ल्याउने, रोजगारदाताको माग र श्रमिक छनोट व्यवस्थित गर्ने तथा अवैध शुल्क, बिचौलिया र ठगी नियन्त्रण गर्नेछ । श्रमिकको सुरक्षा, रोजगारदाताको सहजता र भर्ती प्रक्रियाको प्रभावकारिता सुनिश्चित गर्नु यसको उद्देश्य रहेको मलेसियाली पक्षको भनाइ छ ।

मलेसियाका मानव संसाधनमन्त्री रमणन रामकृष्णनले श्रमिकको सुरक्षा, प्रक्रियाको सरलीकरण र शोषण तथा दुर्व्यवहार रोक्ने विषयमा आफ्नो सरकार प्रतिबद्ध रहेको बताएका छन् । नेपालका श्रममन्त्री रामजी यादवसँगको संवादमा पनि उनले नयाँ प्रणाली श्रमिक र रोजगारदाता दुवैको हितमा रहेको बताएका थिए । अक्टोबर ६ मा नेपाललाई पठाएको औपचारिक पत्रमा मलेसियाले आफ्नो मन्त्रिपरिषद्मा समेत छलफल भइसकेकाले नयाँ भर्ती संरचना कायम राख्ने निर्णय गरेको जनाएको छ । नेपालले पुरानै प्रक्रिया निरन्तर राख्न गरेको आग्रहलाई मलेसियाले अस्वीकार गरेको छ ।

नेपालको आपत्ति : कानुन र प्रतिस्पर्धाको प्रश्न

नेपाल सरकारको मुख्य आपत्ति एजेन्सी छनोटको प्रक्रिया र सीमित कम्पनीलाई मात्र कामदार पठाउने अधिकार दिने व्यवस्थामाथि छ । नेपालमा वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजतपत्र लिएका कम्पनीलाई कानुनले समान हैसियत दिएको छ । तर मलेसियाको नयाँ व्यवस्थाले २५ कम्पनीलाई मुख्य र २५० कम्पनीलाई तिनको मातहतमा राख्दा सीमित व्यवसायीको प्रभाव बढ्ने र अरू कम्पनी प्रतिस्पर्धाबाट बाहिरिने नेपालको बुझाइ छ ।

श्रम मन्त्रालयले मलेसियालाई पठाएको कूटनीतिक नोटमा यस्तो संरचना नेपालको संविधान, वैदेशिक रोजगार ऐन २०६४ र नियमावलीसँग मेल नखाने उल्लेख गरेको छ । नेपाल-मलेसिया श्रम सम्झौतामा पनि मुख्य र सहायक म्यानपावर कम्पनीको यस्तो संरचनाको व्यवस्था नरहेको सरकारको तर्क छ ।

सरकारले सबै इजाजतप्राप्त कम्पनीलाई समान अवसर दिनुपर्ने र कुनै एक गन्तव्य मुलुकमा श्रमिक पठाउने अधिकार सीमित कम्पनीमा केन्द्रित गर्न नहुने अडान लिएको छ । श्रममन्त्री यादवले मलेसियाका समकक्षीसँगको संवादमा पनि नेपाली कानुनअनुसार दर्ता भएका सबै म्यानपावर कम्पनीलाई प्रतिस्पर्धाको अवसर दिनुपर्ने बताएका थिए ।

नेपालले छनोटमा परेका कम्पनीको सूची मात्र होइन, छनोटको आधार, मूल्यांकन विधि र सिफारिस गर्ने निकायबारे पनि विवरण मागेको छ । वैदेशिक रोजगार विभागले २५ मुख्य र २५० सहायक गरी २७५ कम्पनीसँग छनोट प्रक्रियाबारे स्पष्टीकरण मागेको छ । कम्पनीहरूलाई कसरी सूचीमा समावेश गरियो ? कसले सिफारिस गऱ्यो ? अनि, यसले प्रतिस्पर्धा सीमित गर्छ कि गर्दैन भन्ने विषयमा विभागले प्रश्न उठाएको छ ।

व्यवसायीको माग : सबैलाई समान अवसर

नेपाल वैदेशिक रोजगार व्यवसायी संघले मलेसियाको नयाँ व्यवस्थाले सीमित कम्पनीको प्रभाव बढाउने र बाँकी व्यवसायीलाई प्रतिस्पर्धाबाट बाहिर राख्ने भन्दै विरोध गरेको छ । संघका अनुसार नेपालमा करिब एक हजार एक सय वैदेशिक रोजगार व्यवसायी तथा कम्पनी छन् । ती सबैलाई समान अवसर दिनुपर्ने उसको माग छ ।

संघका अध्यक्ष डिकबहादुर खत्रीले सीमित कम्पनीमार्फत मात्रै श्रमिक पठाउने व्यवस्थाले एकाधिकार सिर्जना गर्न सक्ने भन्दै पारदर्शिता, सहभागिता र समान प्रतिस्पर्धाको माग गरेका छन् । संघले यस विषयमा अन्तर्राष्ट्रिय श्रम संगठनको समेत ध्यानाकर्षण गराएको छ ।

व्यवसायीको असन्तुष्टि छनोटको मापदण्डमा पनि छ । मलेसियाले यसअघि मुख्य एजेन्सी बन्न कम्तीमा पाँच वर्षदेखि इजाजतपत्र लिएको, पछिल्ला तीन वर्षमा कम्तीमा तीन हजार श्रमिक पठाएको र कम्तीमा तीन देशमा श्रमिक पठाएको अनुभव हुनुपर्ने जस्ता सर्त अघि सारेको थियो । स्थायी कार्यालय, तालिम तथा मूल्यांकन केन्द्र र रोजगारदाताबाट प्राप्त सिफारिससम्बन्धी मापदण्ड पनि राखिएको थियो । व्यवसायीले यी सर्तले थोरै कम्पनीलाई मात्र योग्य बनाउने र बजारमा प्रतिस्पर्धा खुम्च्याउने बताएका छन् ।

तर मलेसियाको दृष्टिकोणबाट हेर्दा ठूलो संख्याका एजेन्सीमार्फत कामदार पठाउने प्रक्रियामा अनुगमन कठिन हुने र श्रमिकमाथि हुने ठगी नियन्त्रण गर्न समस्या पर्ने तर्क पनि छ । त्यसैले विवादको समाधान खुला प्रतिस्पर्धा र प्रभावकारी नियमन दुवै सुनिश्चित गर्ने व्यवस्थाबाट खोज्नुपर्ने देखिन्छ ।

चार लाख श्रमिक, नयाँ रोजगारीमा अनिश्चितता

मलेसियामा करिब चार लाख नेपाली कार्यरत रहेको सरकारी तथा श्रम क्षेत्रका विवरणमा उल्लेख छ । गत आर्थिक वर्षमा मात्रै करिब एक लाख ३२ हजार नेपाली श्रमिक मलेसिया गएको तथ्यांक छ । उत्पादनमूलक उद्योगमा ठूलो संख्यामा नेपाली कार्यरत रहेकाले मलेसिया नेपालीका लागि महत्वपूर्ण श्रम गन्तव्य बनेको छ ।

मलेसियाबाट प्राप्त रेमिट्यान्स पनि नेपाली अर्थतन्त्रका लागि महत्वपूर्ण छ । त्यसैले नयाँ भर्ती प्रक्रिया अवरुद्ध हुँदा रोजगारी खोजिरहेका युवाको अवसर मात्र होइन, श्रमिक परिवारको आय र वैदेशिक रोजगारीबाट प्राप्त हुने विदेशी मुद्रा प्रवाहमा समेत असर पर्न सक्छ ।

तर अहिलेको विवादले मलेसियामा कार्यरत चार लाख नेपालीको रोजगारी तत्काले गुम्ने अवस्था सिर्जना भने हुँदैन । मुख्य असर नयाँ श्रमिक पठाउने प्रक्रियामा परेको छ । पहिले नै श्रम स्वीकृति र यात्रा प्रक्रिया पूरा गरेका श्रमिक तथा मलेसियामा कार्यरत श्रमिकको अवस्था नयाँ भर्ती प्रक्रियाभन्दा फरक हो । त्यसैले यसलाई चार लाखको रोजगारी गुम्ने संकटका रूपमा नभई ठूलो श्रम बजारमा नयाँ प्रवेशको बाटो अवरुद्ध भएको अवस्थाका रूपमा बुझ्नुपर्छ ।

नेपालको प्रस्ताव, मलेसियाको जवाफ

नेपालले विवाद समाधानका लागि द्विपक्षीय छलफललाई प्राथमिकता दिएको छ । श्रम मन्त्रालयले परराष्ट्र मन्त्रालयमार्फत नेपाल-मलेसिया संयुक्त कार्यदलको बैठक काठमाडौंमा आयोजना गर्न प्रस्ताव गरेको छ । नेपालले नोभेम्बर १८-१९ वा डिसेम्बर २-३ मध्ये कुनै मितिमा बैठक गर्न सकिने प्रस्ताव पठाएको छ । अन्तिम मिति मलेसियाको सुविधाअनुसार तय गर्ने नेपालको भनाइ छ ।

बैठकमा विदेशी श्रमिक केन्द्रीकृत व्यवस्थापन प्रणालीअन्तर्गतको भर्ती प्रक्रिया, श्रमिक छनोट, एजेन्सीको भूमिका र दुई देशबीचको श्रम सहकार्यबारे छलफल गर्ने नेपालको प्रस्ताव छ । सन् २०१८ मा भएको श्रमसम्बन्ध

मानव–वन्यजन्तु द्वन्द्व न्यूनीकरण गर्न नीति तथा कानुन पुनरावलोकन गरिने



काठमाडौं/मस-कृषि, वन तथा पर्यावरण मन्त्री गीता चौधरीले मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरणका लागि विद्यमान नीति तथा कानुनको पुनरावलोकन गर्दै संरक्षण र विकासबीच सन्तुलन कायम गर्नुपर्ने बताएकी छन् ।

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागको ४७औं स्थापना दिवसका अवसरमा आयोजित कार्यक्रममा बोल्दै मन्त्री चौधरीले वातावरण संरक्षण, वन क्षेत्रको व्यवस्थापन तथा मानव-वन्यजन्तु द्वन्द्वका कारण उत्पन्न समस्याको दीर्घकालीन समाधान खोज्नुपर्ने बताएकी हुन् ।

उनले मानव-वन्यजन्तु द्वन्द्व पछिल्लो समय गम्भीर चुनौतीका रूपमा देखिएकाले यसको न्यूनीकरणका लागि स्थानीय तहदेखि नै सबै पक्षबीच सहकार्य र समन्वय आवश्यक रहेको बताइन् । विद्यमान नीति तथा कानुनको प्रभावकारी कार्यान्वयनसँगै समय र आवश्यकताअनुसार नीतिगत पुनरावलोकन गर्नुपर्ने उनको भनाइ थियो ।

जल, जंगल र जमिनको संरक्षणका लागि आफूले निरन्तर संघर्ष गर्दै आएको उल्लेख गर्दै मन्त्री चौधरीले संरक्षणका विषयलाई उच्च प्राथमिकतामा राखिएको बताइन् ।

उनले भनिन्,'जल, जंगल र जमिनको संरक्षणका लागि मैले निरन्तर संघर्ष गर्दै आएको छु । संरक्षणको दायरालाई विस्तार गर्दै संरक्षणका विषयलाई उच्च प्राथमिकतामा राखेकी छु ।'

मन्त्री चौधरीले राष्ट्रिय निकुञ्ज स्थापना हुनुभन्दा अघिदेखि नै त्यहाँ बस्ती र समुदायको बसोबास रहेकाले उनीहरूको समस्या, अधिकार र आवश्यकतालाई पनि राज्यले सम्बोधन गर्नुपर्ने बताइन् ।

'राष्ट्रिय निकुञ्ज स्थापना हुनुभन्दा अघिदेखि नै त्यहाँ बस्तीहरू छन् । ती समुदायका समस्या र अधिकारलाई पनि हामीले सम्बोधन गर्नुपर्छ। संरक्षण र विकासबीच सन्तुलन कायम गर्दै सबै मिलेर काम गर्न आवश्यक छ,' उनले भनिन् ।

उनले विशेषगरी राष्ट्रिय निकुञ्ज तथा मध्यवर्ती क्षेत्र (बफर जोन) सम्बन्धी नीतिको पुनरावलोकन गर्नुपर्नेमा जोड दिइन्। संरक्षणका नाममा स्थानीय समुदायका आवश्यकता र विकासका गतिविधिलाई बेवास्ता गर्न नहुने उल्लेख गर्दै उनले संरक्षण र विकासलाई एकअर्काको बाधकका रूपमा नभई परिपूरक बनाएर अघि बढाउनुपर्ने धारणा राखिन् ।

मानव-वन्यजन्तु द्वन्द्वका कारण स्थानीय बासिन्दाले भोग्नुपरेका समस्या समाधान गर्न मन्त्रालय गम्भीर रहेको पनि उनले स्पष्ट पारिन् । यसका लागि आगामी बजेट तथा कार्यक्रममार्फत मानव र वन्यजन्तुबीच सहअस्तित्व कायम गर्ने अवधारणालाई अघि बढाइएको उनले जानकारी दिइन् ।

उनका अनुसार मानव-वन्यजन्तु द्वन्द्वको समाधान केवल कानुनी व्यवस्था गरेर मात्र सम्भव हुँदैन । यसका लागि स्थानीय समुदायको सहभागिता, सरोकारवाला निकायबीच समन्वय र संरक्षणसम्बन्धी कार्यक्रमको प्रभावकारी कार्यान्वयन आवश्यक छ ।

वनसम्बन्धी कानुनलाई विकासको बाधकका रूपमा मात्र बुझ्ने प्रवृत्तिको अन्त्य हुनुपर्नेमा जोड दिँदै मन्त्री चौधरीले वातावरणीय संरक्षणलाई कायम राख्दै विकास निर्माणका कामलाई समेत सहज रूपमा अघि बढाउनुपर्ने बताइन् ।

उनले वन तथा वातावरणसम्बन्धी विभिन्न नीतिको पुनरावलोकन भइरहेको जानकारी दिँदै नीतिगत सुधारका क्रममा सम्बन्धित सबै सरोकारवालाको सुझाव, सहभागिता र सहकार्य आवश्यक रहेको उल्लेख गरिन् ।

त्यस्तै, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षणका क्रममा कर्मचारी र नेपाली सेनाले पुऱ्याएको योगदानको पनि उनले प्रशंसा गरिन्। संरक्षणका लागि कर्मचारी तथा सुरक्षाकर्मीले गरेको मेहनत, त्याग र योगदानको उचित सम्मान हुनुपर्ने उनको भनाइ थियो ।

मन्त्री चौधरीले संरक्षणका अवसर तथा स्रोतसाधनको न्यायोचित र समानुपातिक वितरणमा समेत ध्यान दिनुपर्ने बताइन्। संरक्षणबाट प्राप्त हुने लाभ स्थानीय समुदायसम्म पुग्नुपर्ने र संरक्षणका क्रममा उनीहरूले भोग्नुपरेका समस्या सम्बोधन हुनुपर्नेमा उनले जोड दिइन् ।

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षणलाई प्रभावकारी बनाउन राज्यका निकाय, स्थानीय समुदाय, सुरक्षाकर्मी र अन्य सरोकारवालाबीच सहकार्य आवश्यक रहेको उल्लेख गर्दै उनले संरक्षण र विकासलाई सँगसँगै अघि बढाएर मानव र वन्यजन्तुबीच सहअस्तित्व कायम गर्ने नीति अवलम्बन गर्नुपर्ने बताइन् ।

पदयात्रा अनुमति उल्लंघन गर्ने ट्रेकिङ एजेन्सीलाई जरिवाना

काठमाडौं/मस- पदयात्रासम्बन्धी कानुन उल्लंघन गर्दै विदेशी पर्यटकलाई निषेधित क्षेत्रमा लैजान खोज्ने एक ट्रेकिङ एजेन्सीलाई ५० हजार रुपैयाँ जरिवाना गरिएको छ । अध्यागमन विभागले बेल्जियमका दुई नागरिकलाई पदयात्रा अनुमति नलिई डोल्पोबुद्ध गाउँपालिकातर्फ लैजान खोजेको आरोपमा गरिमा भ्वायज ट्राभल्स दुर्स एण्ड ट्रेक्स प्रालिलाई जरिवाना गरेको हो । विभागका अनुसार उक्त एजेन्सीले प्रचलित पदयात्रासम्बन्धी कानुन उल्लङ्घन गरेको पाइएपछि अध्यागमन ऐन, २०४९ को दफा १०(४) बमोजिम ५० हजार रुपैयाँ जरिवाना गरिएको हो ।

जिल्ला प्रशासन कार्यालय डोल्पाबाट प्राप्त पत्र तथा घटनासम्बन्धी विवरण अध्ययन गर्दा एजेन्सीले आवश्यक पदयात्रा अनुमति नलिई विदेशी पर्यटकलाई निषेधित क्षेत्रमा लैजान खोजेको देखिएको विभागले जनाएको छ ।

"आयो टप्प टिप्यो, लग्यो, मिति पुग्यो टारेर टर्दैन त्यो,
इन्द्रै बिन्ती गरुन् झुकेर पदमा त्यो बिन्ति मान्दैन त्यो,"

हार्दिक श्रद्धाञ्जली



जन्म मिति:
१९८८/०७/१४

स्वर्गारोहण मिति:
२०८३/०७/०७

स्व. मायादेवी कुँवर

हाम्रा शुभेच्छुक बुटवल टुडे दैनिकका प्रबन्ध सञ्चालक/सम्पादक
तथा नेपाल मिडिया सोसाइटीका सचिव श्री नवराज कुँवरज्यूकी
ममतामयी माता **मायादेवी कुँवर**को
असामयिक स्वर्गारोहण भएको आज १३औं दिनको पुण्यतिथिमा
दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं ।
साथै यस दुःखद् घडीमा शोकाकुल परिवारजनमा ईश्वरले धैर्यधारण
गर्ने शक्ति प्रदान गरुन् भन्ने कामनासहित हार्दिक समवेदना व्यक्त गर्दछौं ।

सीतादेवी श्रेष्ठ
प्रकाशक

तथा
मध्यान्ह परिवार

मदनकुमार श्रेष्ठ
प्रधान सम्पादक

www.madhyanhadaily.com | Madhyanha TV | Madhyanha News

भगवतीबहाल, नक्साल, काठमाडौं

त्रिभुवन विश्वविद्यालयको ७०५ रोपनी जग्गा फिर्ता



काठमाडौं/मस-त्रिभुवन विश्वविद्यालय (त्रिवि)ले काठमाडौं उपत्यकाभित्र विभिन्न निकाय, संघसंस्था तथा व्यक्तिले लामो समयदेखि ओगट्दै आएको ७०५ रोपनीभन्दा बढी जग्गा फिर्ता ल्याएको छ ।

शिक्षा तथा खेलकुद मन्त्रालय र त्रिभुवन विश्वविद्यालयको सक्रियतामा वर्षौंदेखि सम्झौताविपरीत प्रयोग भइरहेका, सम्झौताको म्याद सकिएका तथा बिना स्वीकृति अतिक्रमण गरिएका जग्गा फिर्ता ल्याइएको हो ।

शिक्षा तथा खेलकुद मन्त्री सस्मित पोखरेलले सरकारको सक्रियतापछि छ महिनाको अवधिमा काठमाडौं उपत्यकाभित्र मात्रै त्रिविको ७०५ रोपनीभन्दा बढी जग्गा फिर्ता ल्याउन सफल भएको जानकारी दिएका छन् ।

त्रिवि जग्गा खोजबिन समितिको प्रतिवेदन र विश्वविद्यालयको आन्तरिक अभिलेखलाई मुख्य आधार बनाएर जग्गा फिर्ती अभियान सञ्चालन गरिएको थियो । अभियानका क्रममा काठमाडौं उपत्यकाभित्र विभिन्न निकाय तथा व्यक्तिले कब्जा गरी राखेका विश्वविद्यालयका जग्गाको लगत सङ्कलन गरिएको थियो ।

त्यसपछि अनधिकृत रूपमा सञ्चालन भइरहेका संरचना खाली गराउने र सम्झौताको म्याद समाप्त भएर नवीकरण नभएका क्षेत्रलाई विश्वविद्यालयको प्रत्यक्ष स्वामित्वमा ल्याउने प्रक्रिया अघि बढाइएको थियो । यसका लागि ३५ दिने समयसीमा तोकेर जग्गा खाली गराउने कामलाई तीव्रता दिइएको थियो ।

मन्त्रालयको अग्रसरता र त्रिवि प्रशासनको सक्रियताका कारण छोटो अवधिमै ठूलो परिमाणमा जग्गा फिर्ता ल्याउन सम्भव भएको मन्त्री पोखरेलले बताएका छन् ।

उनका अनुसार फिर्ता ल्याइएका जग्गालाई विश्वविद्यालयको गुरुयोजनाअनुसार शैक्षिक तथा अनुसन्धानमूलक गतिविधिमा उपयोग गर्ने तयारी गरिएको छ । ती जग्गामा अत्याधुनिक प्रयोगशाला, अनुसन्धान केन्द्र, केन्द्रीय पुस्तकालय तथा आवश्यक शैक्षिक पूर्वाधार निर्माण गर्ने त्रिविको योजना छ ।

मन्त्री पोखरेलले फिर्ता ल्याउन बाँकी रहेका विश्वविद्यालयका जग्गाको खोजी तथा फिर्ती प्रक्रिया पनि जारी रहेको जानकारी दिएका छन् । काठमाडौं उपत्यकाबाहिर रहेका त्रिविका जग्गा फिर्ता ल्याउनसमेत सरकारले काम गरिरहेको उनको भनाइ छ ।

'हामी सरकारमा आएपछि हडपिएका जग्गा फिर्ताको काममा सक्रियताका साथ लागेका थियौं । आजसम्म काठमाडौं उपत्यकाभित्र मात्र त्रिविको ७०५ रोपनी जग्गा फिर्ता भएको छ । उपत्यका बाहिरको हकमा पनि काम भइरहेको छ,'मन्त्री पोखरेलले भने । उनले फिर्ता भएका जग्गामा अन्य शैक्षिक गतिविधि सञ्चालन गर्नुका साथै त्यसका लागि आवश्यक पूर्वाधार निर्माण गरिने बताए ।

वर्षौंदेखि विभिन्न निकाय, सङ्गसंस्था तथा व्यक्तिको प्रयोगमा रहेका विश्वविद्यालयका जग्गा फिर्ता भएपछि त्रिविलाई शैक्षिक तथा अनुसन्धानमूलक गतिविधि विस्तार गर्न सहज हुने अपेक्षा गरिएको छ । फिर्ता भएका जग्गाको उचित व्यवस्थापन र उपयोगमार्फत विश्वविद्यालयको शैक्षिक गुणस्तर तथा अनुसन्धान क्षमता अभिवृद्धि गर्ने लक्ष्य राखिएको छ ।

सानीभेरी गाँउपालिका
गाँउ कार्यपालिकाको कार्यालय

सिम्ली, रुकुम (पश्चिम भाग)
कर्णाली प्रदेश, नेपाल

नदीजन्य पदार्थको दरभाउपत्र आह्वान सम्बन्धी सूचना

दोश्रो पटक सूचना प्रकाशित मिति २०८३/०७/१५

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को घ (६) मा भएको व्यबस्था बमोजिम र कर्णाली प्रदेशको नदी तथा खानी जन्य स्रोत उत्खनन् बिक्रि वितरणलाई व्यवस्थित गर्ने कार्यविधि, २०७९ बमोजिम देहायका शिर्षकहरुमा राजश्व असुली सम्बन्धी कार्य आ.व. २०८३/०८४ को लागि सिलबन्धी दरभाउ पत्र मार्फत गराउन यो सूचना प्रकाशित गरीएको छ। मिति २०८३/०८/०२ गते भित्र योग्य व्यक्ति, सस्था, कम्पनी, फर्महरुले दरभाउपत्र खरिद गरी देहायको मिति र समय भित्र दरभाउपत्र यस कार्यालयमा पेश गर्नुहुन अनुरोध छ।अन्य थप जानकारीका लागि कार्यालय समयभित्र कार्यालयमा सम्पर्क राख्न सकिनेछ।

आन्तरिक आय सिलबन्दी दरभाउ पत्र विवरण

क्र.सं	सिलबन्धी दरभाउ पत्र न	नदी / खोलाको घाँटको विवरण	आ.व.२०८३/८४को नदिजन्य पदार्थ विक्रि परीमाण (घन फिटमा)	आ.व.२०८३/८४को नदिजन्य पदार्थ विक्रि शूल्क दर (घन फिटमा)	आ.व.२०८३/८४को नदिजन्य पदार्थ विक्रि वापत जम्मा विक्रि शुल्कको न्यूनतम अंक (भ्याट वाहेक)	दरभाउपत्र दस्तुर
१	Re-01/SRM/R/2083/084	चाइनाबगर देखि बाहुनीखेत खण्ड	३४९३२०.८३४	५	१७४६६०४	१०००
२	Re-02/SRM/R/2083/84	सिस्नेखोला देखि स्यालेबगर खण्ड	३४५०४०.५२	५	१७२५२०३	१०००
३	Re-04/SRM/R/2083/084	नायखोला देखि रिम्ना दोभान खण्ड	३३३२२९.१८१	५	१६६६१४६	१०००
४	Re-05/SRM/R/2083/084	स्यालेबगर देखि छोटे बगर खण्ड	३४५२६३	५	१७२६३१५	१०००

१. माथि उल्लेखित सिलबन्दी दरभाउपत्रको लागि रु. १,०००।- (फिर्ता नहुने गरी) दरभाउपत्र फारम खरिद गरी पेश गर्नु पर्नेछ । सम्बन्धित दरभाउपत्रदाताले कबोल गरेको रकमको अनिवार्य ५ प्रतिशत धरौटी रकम राख्नु पर्ने छ ।

२. सिलबन्दी दरभाउपत्रको अवधि सामान्यतया आ.व.२०८३/८४ को जेठ मसान्त सम्म कायम रहनेछ तर ठेक्कामा उक्त अवधि भन्दा अगावै तोकिएको परीमाणमा उत्खनन गरेको खण्डमा उक्त अवधी कम पनि हुन सक्नेछ । साथै परिमाणका आधारमा सिलबन्दी दरभाउपत्रमा सम्झौता हुने भएकोले बन्द हडताल आदिका कारण काम सुचारु नभएको अवस्थामा कुनै पनि किसिमको क्षतिपुर्ति दावी गर्न पाईने छैन ।

३. IEE प्रतिवेदनले निषेध गरको अवधी तथा नदी क्षेत्रबाट सामाग्री उत्खनन् गर्न पाईने छैन तर विभिन्न स्थानमा थुपारी राखिएको मौज्दात सामाग्री विक्री तथा निकासी गर्न सकिनेछ ।

४. सम्झैता गर्दा माथी उल्लेखित सिलबन्दी दरभाउपत्रमा कबोल अंङ्कको थप मुल्य अभिवृद्दी कर (१३%) ठेक्का लिने फर्मले सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा बुझाई सो को प्रमाण यस कार्यालयमा पेश गर्नुपर्नेछ |

५. धरौटी वापत कबोल गरेको अंकको ५% ले हुन आउने रकम लक्ष्मी सनराइज बैंक सानीभेरी शाखाको धरौटी खाता नं.०७७०५३०७८७७०३००४ मा नगद दाखिला गरेको सक्कल भौचर वा दाखिला गर्ने अन्तिम मितिबाट ७५ दिनसम्म म्याद भएको बैंक जमानत (विड विन्डको सक्कल प्रति) दरभाउपत्र साथ संलग्न गरी पेश गर्नुपर्नेछ । धरौटी वापत जम्मा गरेको रकमलाई किस्ता समावेश गर्न पाइनेछैन र उक्त बैंक जमानत तथा धरौटी नियमानुसार कागजात पेश गरि सकेपछि प्रचलित ऐन बमोजिम फिर्ता गरिनेछ ।

६. दरभाउपत्र खरिद गर्दा नियमानुसार लाग्ने दस्तुर वापतको रकम यस कार्यालयको लक्ष्मी सनराइज बैंक सानीभेरी शाखा स्थित आन्तरिक राजश्व खाता न. ०७७०५३०७८७७०३००९ मा दाखिला गर्नुपर्नेछ|

७. कारण जनाई वा नजनाई दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

८. दरभाउपत्र दिदा कुनै किसिमको शर्त मान्य हुने छैन । साथै रीत नपुगी आएको दरभाउपत्र उपर कुनै कारबाही गरीने छैन ।

९. सिलबन्दी दरभाउपत्रमा कुनै विवाद भएमा सानीभेरी गाउँ कार्यपालिकाको निर्णय अन्तिम हुनेछ । उपरोक्त दरभाउपत्रहरुको लागि मिति २०८३/०८/०२ गते सम्म तोकीएको दस्तुर तिरी यस सानीभेरी गाउँपालिकाको प्राविधिक शाखाबाट खरिद गरि मिति २०८३/०८/३ गते दिनको १२:०० बजे सम्म दर्ता भएका दरभाउपत्र सोही दिन दिनको १:०० बजे सानीभेरी गाउँपालिकाको कार्यालयमा खोलिनेछ ।

१०. दरभाउपत्र फारामहरु खरिद गर्ने, दाखिला गर्ने, खोल्नेदिन सार्वजनिक विदा परेमा क्रमश: सोको भोलिपल्ट सोही समयमा कार्यहरु गरिनेछ ।

११. यस सूचनामा उल्लेख भएका शर्तहरुका अतिरिक्त दरभाउपत्र साथ संलग्न गरिएको आय सिलबन्दी दरभाउपत्र सम्बन्धि अन्य शर्तहरुका प्रत्येक बुदाहरु यसै सूचनाका शर्त सरह लाहु हुनेछ ।

१२. यस सूचना तथा दरभाउपत्र साथ संलग्न अन्य शर्तहरु पुरा नभएका दरभाउपत्रहरु मुल्याङ्कनमा समावेश गरिने छैन ।

१३. यस सूचना प्रकाशित गरेपछि कर्णाली प्रदेश सरकारबाट दररेटमा कुनै फेरबदल गरेको खण्डमा कबोल अंकमा पनि सोही अनुसार समायोजन हुनेछ ।

१४. सिलबन्दी दरभाउपत्रको स्विकृती, बदर, सम्झौता, र कार्यादेश लगायतका ठेक्का संग सम्बन्धित निर्णय गर्ने सर्वाधिकार सानीभेरी गाउँ कार्यपालिकाको कार्यालयमा निहित रहनेछ। अन्य कुराहरु नेपाल सरकारको प्रचलित ऐन कानून बमोजिम हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

सम्पादकीय

आइजिपी हटाउनुको कारण देऊ

सरकारले बुधबार आकस्मिक मन्त्रिपरिषद् बैठकबाट नेपाल प्रहरीका महानिरीक्षक दानबहादुर कार्कीलाई पदबाट हटाएर एआइजी मनोज केसीलाई नयाँ आइजिपी नियुक्त गरेको छ । कार्कीलाई प्रधानमन्त्रीको विशेष सुरक्षा सल्लाहकार बनाइएको छ । उनको कार्यकाल अझै १७ महिना बाँकी थियो । सरकारले यसलाई कारबाही नभई जिम्मेवारी फेरबदल भनेको छ । तर प्रहरी प्रमुखको जिम्मेवारी खोसेर अर्को व्यक्तिलाई नियुक्त गर्नुलाई सामान्य सरूवाजस्तो गर्न मिल्दैन । यसका पछाडि पर्याप्त कारण र कानुनी आधार हुनुपर्छ । कार्कीको हटाउनुको पृष्ठभूमि हेर्दा प्रधानमन्त्री वालेन्द्र शाहको सचिवालयसँग उनको सम्बन्ध बिग्रिएको देखिन्छ । पत्राउसम्बन्धी निर्देशनमा कानुनी आधार खोज्ने कार्कीको अडान, रवि लामिछानेसँगको निकटता, निर्वाचन प्रहरीको पोसाक खरिद विवाद र इनम सापकोटाको मोबाइल प्रकरणले विवाद चर्काएको सार्वजनिक भइरहेका थिए ।

प्रधानमन्त्रीको सचिवालयले कार्कीमाथि सूचना चुहाएको र निर्देशन कार्यान्वयनमा आनाकानी गरेको आरोप लगाएको छ । तर यी आरोपको आधिकारिक पुष्टि भएको छैन । सरकारले निर्णयको औपचारिक कारण पनि खुलाएको छैन । यहीनेर तीन दशकअघिको सर्वोच्च अदालतको फैसला सान्दर्भिक हुन्छ । २०५५ असार १९ मा अच्युतकृष्ण खरेलको रिटमा फैसला गर्दै सर्वोच्चले आइजिपी राजनीतिक नियुक्तिको पद नभएको स्पष्ट पारेको थियो । सरकार परिवर्तन वा राजनीतिक अनुकूलताका आधारमा पर्याप्त औचित्यबिना प्रहरी प्रमुख फेर्दा संगठनको मनोबल, निष्पक्षता र व्यावसायिकतामा असर पर्ने अदालतको ठहर थियो । ध्रुवबहादुर प्रधानलाई बढुवा गर्नेबाहेक खरेललाई हटाउनुको औचित्य नदेखिएको भन्दै सर्वोच्चले तत्कालीन निर्णयलाई बदनियतपूर्ण र आधारहीन ठहर गरेको थियो । सरकार फेरिएसँगै खरेल पुनर्बहाली भइसकेकाले रिट खारेज भए पनि फैसलाले प्रस्ट व्याख्या भने गरेको छ ।

त्यो फैसला कार्की स्वतः पुनर्बहाली हुने आदेश होइन । तर सरकारले प्रहरी प्रमुख हटाउँदा कानुन, वस्तुगत कारण र औचित्य देखाउनुपर्ने न्यायिक सिद्धान्त हो । कार्कीले कानुनी उपचार खोज्ने तयारी गर्नु स्वाभाविक छ । अब सर्वोच्चले सरकारको निर्णय र त्यसको आधार परीक्षण गर्नुपर्ने अवस्था आउन सक्छ ।

सरकारलाई प्रहरी नेतृत्व परिवर्तन गर्ने अधिकार छ । तर अधिकार छ भन्दैमा कारण नखुलाई निर्णय गर्न पाइँदैन । कार्की अयोग्य थिए, संगठनको हितविपरीत काम गरेका थिए वा पदमा रहन नसक्ने अवस्था थियो भने सरकारले प्रमाणसहित स्पष्ट पार्नुपर्छ । राजनीतिक असन्तुष्टि, मौखिक आदेश पालनामा असहमति वा आफूअनुकूल नेतृत्व चाहनु मात्रै आइजिपी हटाउने आधार हुन सक्दैन ।

प्रहरी संगठन सरकारको स्वकीय संयन्त्र होइन, राज्यको संस्था हो । यसको नेतृत्व राजनीतिक कृपामा होइन, कानुन र व्यावसायिक मर्यादामा चल्नुपर्छ । त्यसैले सरकारले कार्कीलाई हटाउने निर्णयको आधार र औचित्य सार्वजनिक गरोस् । लोकतन्त्रमा निर्णय गर्ने अधिकारसँगै त्यसको जवाफ दिने दायित्व पनि सरकारकै हुन्छ ।

गणतन्त्रका दुई दशक : जनअपेक्षा र नेतृत्व

गणतन्त्र स्थापनाको दुई दशकमा नेपालले राजनीतिक संरचना, पूर्वाधार र सामाजिक जीवनमा परिवर्तन हासिल गरे पनि आर्थिक विकास, रोजगारी र सुशासनका अपेक्षा पूरा गर्न सकेको छैन । पुराना नेतृत्वप्रतिको असन्तोषले जेनजी आन्दोलन र नयाँ सरकार जन्मायो । तर नयाँ नेतृत्वबाट पनि अपेक्षित परिणाम नआएको लेखकको निष्कर्ष छ । देशलाई दलगत स्वार्थभन्दा माथि राख्ने, विधिको शासन मान्ने र स्पष्ट दृष्टिकोणसहित काम गर्ने नेतृत्व आवश्यक छ ।

अग्रलेख



● डा. देवीप्रसाद आचार्य

नेपाल २०४६ सालको जनआन्दोलनपछि प्रजातन्त्रको जगमा अघि बढिरहेको थियो । २०४७ सालमा संविधान निर्माण भयो । २०४८ को आमनिर्वाचनमा नेपाली कांग्रेसले बहुमत प्राप्त गरी सरकारको नेतृत्व गऱ्यो । तर संवैधानिक राजतन्त्र र तत्कालीन सरकारको विरोध गर्दै २०५२ सालमा माओवादी सशस्त्र विद्रोह सुरु भयो । २०५२ देखि २०६२ सम्म चलेको १० वर्षे जनयुद्धले नेपालको राजनीतिमा ठुलो फेरबदल ल्यायो । संवैधानिक राजतन्त्रात्मक व्यवस्था अन्त्य भई देश गणतन्त्रमा रूपान्तरण भयो ।

माओवादी आन्दोलन र त्यसपछिका राजनीतिक परिवर्तनसँगै विश्वको एक मात्र हिन्दु राष्ट्रका रूपमा रहेको नेपालको पहिचान धर्मनिरपेक्ष राज्यमा बदलियो । संविधान निर्माणका लागि दुईपटक संविधानसभाको निर्वाचन भयो । संविधान निर्माणमै आठ वर्ष र अर्बौं रुपैयाँ खर्च भयो । राज्यको पुनर्संरचना गरियो । जिल्लाको संख्या ७५ बाट बढाएर ७७ पुऱ्याइयो । स्थानीय, प्रदेश र संघीय गरी तीन तहका सरकार बने । राजनीतिक प्रतिनिधित्वलाई समावेशी बनाउन मिश्रित निर्वाचन प्रणाली अपनाइयो ।

२०६२/६३ को जनआन्दोलनदेखि जेनजी आन्दोलनसम्म आइपुग्दा देशले अनेक उतारचढाव बेहोरेको छ । संविधान निर्माणका क्रममा दलहरूबीचको विवाद, मधेश र थरुहट आन्दोलन, २०७२ सालको भूकम्प, २०७६ मा सुरु भएको कोरोना महामारी तथा विभिन्न प्राकृतिक विपद्ले मुलुकलाई ठुलो क्षति पुऱ्याए । यति धेरै चुनौतीका बावजुद पछिल्ला दुई दशकमा यातायात, सञ्चार, विद्युतीकरण, ग्रामीण सडक, विश्वविद्यालय स्थापना र बैंकिङ क्षेत्रको विस्तारजस्ता क्षेत्रमा विकास भएको छ । यी परिवर्तनले नेपाली समाजको जीवनशैलीमा प्रभाव पारेका छन् । तर अपेक्षाअनुसार आर्थिक विकास हुन सकेको छैन ।

राज्य कृषि क्षेत्रको आधुनिकीकरण, उद्योग स्थापना र रोजगारी सिर्जनामा सफल हुन सकेन । अर्कोतिर, नेपाली कांग्रेसका शेरबहादुर देउवा, एमालेका केपी शर्मा ओली र माओवादीका पुष्पकमल दाहाल 'प्रचण्ड'ले पालैपालो सत्ता सञ्चालन गरे । गठबन्धन, राज्यका संयन्त्रमा भागबन्डा, आर्थिक अनियमितता र भ्रष्टाचारलाई प्रश्रय दिएको आरोप उनीहरूमाथि लाग्दै आयो । यसले शीर्ष नेताहरू र राजनीतिक दलप्रतिको जनविश्वास कमजोर बनायो ।

लोकतन्त्रका लागि लामो संघर्ष गरेका कांग्रेस र एमाले सामाजिक सञ्जालमा प्रस्तुत गरिएजस्तै पूर्णतः असफल दल भने होइनन् । यी दलभित्र सक्षम र नेतृत्व गर्न सक्ने युवा नेताहरू पनि छन् । तर शीर्ष नेतृत्वको कार्यशैली र अक्षमताका कारण दलहरूप्रति जनआक्रोश बढ्दै गयो । कांग्रेसमा अहिले गगन थापाले नेतृत्व पाएका छन् । माओवादी पार्टी विघटन भएको छ भने एमालेमा केपी ओलीकै नेतृत्व कायम देखिन्छ ।

नेपालीमा एउटा उखान छ- अति गर्नु, अत्याचार नगर्नु । शीर्ष नेताहरूले आफ्नै दलभित्र पनि अति गर्दै गए । उनीहरूको कार्यशैलीलाई जनताले आफूहरूमाथिको अत्याचारका रूपमा बुझ्न थाले । परिणामतः समाजमा असन्तोष बढ्दै गयो । यही असन्तोषको पृष्ठभूमिमा गत वर्ष भदौ २३ र २४ गते जेनजी आन्दोलन भयो ।

जेनजी आन्दोलनमा सामाजिक सञ्जालमाथिको प्रतिबन्ध हटाउनुपर्ने, भ्रष्टाचार अन्त्य गर्नुपर्ने, सुशासन कायम गर्नुपर्ने, भ्रष्टाचारमा संलग्नहरूको सम्पत्ति छानबिन गर्नुपर्ने, प्रत्यक्ष निर्वाचित कार्यकारीको व्यवस्था गर्नुपर्ने, प्रदेश सरकार खारेज गर्नुपर्ने र रोजगारी सिर्जना गर्नुपर्ने माग उठे । जेनजी समूहलाई १३ देखि २८ वर्ष उमेर समूहका रूपमा परिभाषित गरिए पनि आन्दोलनमा विभिन्न उमेरका नागरिक सहभागी थिए ।



तत्कालीन सरकारविरुद्ध लामो समयदेखि केही व्यक्ति सक्रिय रहेको र उनीहरू आन्दोलन गराउन सफल भएको राजनीतिक विश्लेषकहरूको मत पनि सुनियो । आन्दोलनका पछाडि पर्दापछाडि केही पात्र सक्रिय रहेको चर्चा भए पनि त्यसको पुष्टि गर्ने आधार सार्वजनिक भएनन् । २३ भदौमा विद्यालय पोसाकमै सडकमा आएका बालबालिकासहित केही युवाको मृत्यु भएपछि दलहरूप्रति बढ्दै गएको असन्तोष आक्रोशमा बदलियो ।

भदौ २४ गते देशले ठुलो विध्वंस बेहोर्नुपऱ्यो । लुटपाट र आगजनी भए । संसद् विघटन भयो । नेताहरू भागाभागको अवस्थामा पुगे । आन्दोलनपछि पुरानो सरकार ढल्यो र अन्तरिम सरकार गठन भयो । अन्तरिम सरकारले २०८२ फागुनमा मध्यावधि निर्वाचन गरायो । निर्वाचनमा नयाँ राजनीतिक दल राष्ट्रिय स्वतन्त्र पार्टीले भारी जनमत प्राप्त गऱ्यो । काठमाडौं महानगरपालिकाका तत्कालीन मेयर बालेन शाह जननिर्वाचित प्रधानमन्त्री बने ।

बालेन शाह नेतृत्वको सरकारले देश विकास र सुशासनमा उल्लेखनीय फड्को मार्ने युवा पुस्ताको अपेक्षा थियो । तर प्रधानमन्त्री बनेको सात महिनाको कार्यकाल हेर्दा उनको सरकार पनि पुराना दलभन्दा फरक देखिन नसकेको राजनीतिक विश्लेषकहरूको मत छ । सरकारको कार्यशैलीले आमनागरिकमा निराशा बढाएको देखिन्छ ।

हाम्रा नेताहरू गरिबी, अभाव र विभेदलाई चुनावी दस्तावेज तथा भाषणको विषय बनाउँछन् । सामाजिक सञ्जालमा पनि जनताका समस्या उठाएर उनीहरूको भावना जित्ने प्रयास गर्छन् । तर सत्तामा पुगेपछि ती समस्या समाधान गर्ने दायित्वबाट विमुख हुने प्रवृत्ति दोहोरिँदै आएको छ । भूपी शेरचनको कवितामा भनिएझैं 'घुम्ने मेचमाथि अन्धो मान्छे'को अवस्था चरितार्थ हुन्छ । महँगी बढेको छ । दलहरूबीच द्वन्द्व, असमझदारी र कटाक्षपूर्ण व्यवहार देखिन्छ । सरकारको कामको प्रशंसा गर्ने आधार कमजोर हुँदै गएको स्वतन्त्र बुद्धिजीवी तथा राजनीतिक विश्लेषकहरूको टिप्पणी छ ।

देश चलाउनु रहरको विषय मात्र होइन । राज्यको बागडोर सम्हाल्ने व्यक्तिमा शासकीय क्षमता र देश विकासको स्पष्ट मार्गचित्र हुनुपर्छ । राज्यका संयन्त्र सञ्चालन गर्ने प्रशासनिक नेतृत्व क्षमता, सही र गलत छुट्याएर निर्णय लिन सक्ने विवेक तथा कार्यान्वयन गर्ने दृढता आवश्यक हुन्छ ।

अहिले सरकारसँग संसदमा झन्डै दुईतिहाइ बहुमत छ । नीति-नियम परिवर्तन गर्न, योजना बनाउन र कार्यान्वयन गर्न, अपराधीलाई दण्डित गर्न, भ्रष्टाचारमा संलग्नलाई कारबाही गर्न तथा विभिन्न क्षेत्रका सिन्डिकेट हटाउन सरकारलाई पर्याप्त राजनीतिक आधार उपलब्ध छ । त्यसैले सरकारका काममा देखिने कमजोरीको दोष अरूमाथि थोपर्ने ठाउँ छैन ।

लोकतन्त्रमा दलभित्र स्वार्थ समूह सक्रिय हुनु अस्वाभाविक होइन । तर नेतृत्वले आफ्ना कमजोरी सुधार्नुको सट्टा अरूमाथि दोष थोपर्ने प्रवृत्ति देखिँदै आएको छ । गौतम बुद्धको भनाइको आशय पनि यही हो- मूर्खले अरूको दोष खोज्छ र निन्दा गर्छ, विद्वान्ले आफ्नै दोष पहिचान गरेर सुधार्छ । राज्य सञ्चालनमा पनि आत्मसमीक्षा र विवेक आवश्यक हुन्छ ।

मानिस हिँड्न गोरेटो चाहिन्छ भने देश विकासका लागि स्पष्ट मार्गचित्र चाहिन्छ । प्राथमिकताका आधारमा योजना बनाएर अघि बढ्नुपर्छ । नेतृत्वमा देश र जनतालाई केन्द्रमा राखेर काम गर्ने इच्छाशक्ति हुनुपर्छ । जनपक्षीय र राष्ट्रहितका काम गर्ने दृढता, लोभ र स्वार्थ त्याग्न सक्ने नैतिकता तथा विधिको शासन कायम गर्ने क्षमता आवश्यक हुन्छ । अहिलेको नेतृत्वमा यी गुण कति छन् भन्ने प्रश्नको जवाफ समाजले खोज्नुपर्छ । जनताको मत पाएर सत्तामा पुग्ने तर उनीहरूकै पक्षमा काम नगर्ने नेतृत्वलाई नागरिकले खबरदारी गर्नुपर्छ । देश सञ्चालनलाई 'मेरा गोरुका बाह्रै टक्का' भन्ने शैलीमा अघि बढाउन मिल्दैन । जनआवाज सम्बोधन गर्नुपर्छ ।

नागरिकले अहिले कुनै अमुक दल वा नेताको नामभन्दा पनि देश र जनताका लागि काम गर्न सक्ने सक्षम प्रधानमन्त्री चाहेका छन् । इतिहासका निरंकुश शासकहरूले आफ्नो निर्णयलाई नै शतप्रतिशत सही ठानेर जनताको आवाज नसुन्दा राजनीतिक परिवर्तन भएका हुन् । त्यसैले राज्य सञ्चालनमा जनताको आवाज सुन्ने र विभिन्न पक्षबाट रायसल्लाह लिने संस्कृतिको विकास हुनुपर्छ ।

राष्ट्रनिर्माता पृथ्वीनारायण शाहले बिसे नगर्चीबाट लिएको सल्लाहले देश एकीकरणको मार्गचित्र बनाउन सहयोग गरेको इतिहास छ । स्वाभिमानको शिक्षा भीमसेन थापाको जीवनबाट र सामाजिक न्यायको पाठ रामशाहबाट राज्यले सिक्न सक्छ । राज्यका आँखा र कान दुवै लोकतान्त्रिक हुनुपर्छ । जनताको आवाज सुन्ने र त्यसअनुसार निर्णय गर्ने क्षमता राज्यमा हुनुपर्छ ।

नेपाली राजनीतिमा छोटो समयमा विकासको शिखरमा पुगेको देशका रूपमा सिंगापुरको उदाहरण दिने गरिन्छ । सिंगापुर त्यसै बनेको होइन । त्यहाँका प्रधानमन्त्री ली क्वान युले विधिको शासन स्थापना गर्न आफ्नै निकट व्यक्तिमाथि पनि कानुनअनुसार कारबाही गरेको उदाहरण प्रस्तुत गरिन्छ । नेपालमा पनि देश र जनताका लागि काम गर्ने सोच, निष्पक्ष निर्णय क्षमता र आवश्यक पर्दा कठोर निर्णय लिन सक्ने नेतृत्व चाहिएको छ ।

देश र जनतालाई सबैभन्दा माथि राखेर काम गर्ने नेतृत्व आजको आवश्यकता हो । देश बनाउन आकांक्षा मात्र पर्याप्त हुँदैन । त्यसका लागि क्षमता, स्पष्ट दृष्टिकोण, विवेक र दृढ संकल्प पनि चाहिन्छ ।

आमाबिनाका पाँच वर्ष

श्रद्धा



● विष्णु आचार्य

हाम्रो परिवारका लागि कहिल्यै बिर्सन नसकिने कालो दिन बन्यो, २०७८ साल कात्तिक १६ गते । जन्मिएपछि एक दिन मृत्यु हुनु प्रकृतिको शाश्वत नियम हो । तर, आफ्नै जन्म दिने आमालाई गुमाउनुपर्दाको पीडा कस्तो हुन्छ भन्ने कुरा आफूले भोगेपछि मात्रै थाहा हुँदो रहेछ ।

मानिसले मृत्यु रोक्न सकिँदैन । शास्त्रमा वर्णन गरिएको सञ्जीवनी बुटी नै पाए पनि मृत्युलाई जित्न सम्भव हुँदैन होला । तर, आफ्ना प्रियजनलाई गुमाउँदाको पीडा र मनमा उठ्ने अनगिन्ती प्रश्नको उत्तर सहजै भेटिँदो रहेनछ ।

त्यो बिहान आमाको दुर्घटनाको खबर सुन्दा हाम्रो संसार एकाएक बदलियो । जसले मलाई जन्म दिनुभयो, यो धर्तीमा पाइला टेकाउनुभयो र जीवनको पहिलो सहारा बन्नुभयो, उहाँलाई नै गुमाउनुपर्दाको पीडा शब्दमा व्यक्त गर्न सकिँदैन । आमाको अन्तिम बिदाइका बेला पार्थिव शरीरको खुट्टामा ढोगेर दागबत्ती दिँदा मनभित्र पीडाको ठुलो आँधी चलेको थियो ।

आँखामा आँसु थियो, मुटु भारी थियो । अब आमा कहिल्यै फर्केर आउनुहुन्न भन्ने यथार्थ स्विकार्न मन तयार थिएन ।

बगेको खोला फर्केर आउँदैन । बितेको समय पनि फर्काउन सकिँदैन । त्यसैगरी अन्त्येष्टिपछि आमालाई भौतिक रूपमा फेरि भेट्न सम्भव थिएन । तर, उहाँसँग जोडिएका सम्झना र उहाँले दिनुभएको माया भने मनबाट कहिल्यै टाढा भएनन् ।

आमालाई सम्झिँदा सबैभन्दा पहिले मेरो मानसपटलमा हाम्रो विकट गाउँको परिवेश आउँछ । त्यो समय, त्यो समाज र त्यतिबेलाको पारिवारिक अवस्था सम्झिन्छु । आठजना छोराछोरी हुर्काउनु सामान्य कुरा थिएन । घरको काम, मेलापात, खेतीपाती र परिवारका सबै सदस्यको हेरचाह गर्दै हामीलाई हुर्काउन आमाले कति दुःख गर्नुभयो होला ! आज फर्केर ती दिन सम्झिँदा आमाको संघर्षको गहिराइ महसुस हुन्छ ।

बुबा भारतीय सेनामा हुनुहुन्थ्यो । त्यसैले उहाँको स्वभाव केही कडा थियो । परिवारका धेरै जिम्मेवारी आमाकै काँधमा थिए । घरभित्रका समस्या हुन् वा छोराछोरीको पालनपोषण, आमाले सबै सम्हाल्नुभयो । आफ्नो दुःख र थकानलाई भन्दा सन्तानको भविष्यलाई प्राथमिकता दिनुभयो ।

आमाको काख, उहाँको माया, हिम्मत र संघर्षका ती दिन आज पनि आँखाअघि झलझली आइरहन्छन् । हामीलाई हुर्काउन र बढाउन उहाँले गर्नुभएको त्यागको कुनै हिसाब छैन । सन्तानको उन्नति र उज्ज्वल भविष्यका लागि आमा-बुबाले गर्ने निःस्वार्थ कामनाको मूल्य सन्तानले कहिल्यै तिर्न सक्दैन रहेछ ।



आमा बितेपछि परिवारको जिम्मेवारीबारे झन् धेरै सोच्न थालेको छु । आमाले जसरी परिवारलाई एकताबद्ध बनाएर राख्नुभयो, त्यसरी नै बुबाको हेरचाह गर्न सकूँ । दिदीबहिनी, भाइ, भान्जाभान्जी, भिनाजु र आफन्तप्रतिको जिम्मेवारी आमाले जस्तै आत्मीयताका साथ पूरा गर्न सकूँ । आमाले जीवनभर गर्नुभएको त्याग र देखाउनुभएको बाटोबाट प्रेरणा लिएर परिवारलाई सम्हाल्न सकूँ भन्ने मेरो चाहना छ ।

आमा, हजुर भौतिक रूपमा हामीसँग हुनुहुन्न । तर, तपाईंले सिकाउनुभएका संस्कार, माया र जीवनका मूल्यहरू हामीसँगै छन् । विशेषगरी चाडबाडका बेला आमाको अभाव खट्किन्छ । आमाको सम्झनाले सताउँछ, सास र चेतना भएसम्म भुल्न नसकिने रहेछ, तर पनि हजुरको सम्झनाले हामीलाई सधैं सही बाटोमा हिँड्न प्रेरित गरिरहनेछन् ।

हिन्दु धर्म र संस्कृतिमा माता-पितालाई जीवित छँदा देवतासरह मानेर सेवा र सम्मान गर्नुपर्छ भन्ने मान्यता छ । मृत्यु भएपछि पनि उहाँहरूलाई पितृदेवका रूपमा सम्झने, श्रद्धा गर्ने र श्राद्ध गर्ने परम्परा छ । मानिसको भौतिक शरीर नष्ट भए पनि उसले छोडेर गएका संस्कार, विचार र सम्झना सन्ततिका मनमा जीवित रहन्छन् ।

हिन्दु मान्यताअनुसार स्वर्गलोक, वैकुण्ठलोक र पितृलोकको चर्चा गरिन्छ । पृथ्वी लोकमा रहेका हामी आफ्ना दिवंगत मातापिताको आत्माको शान्तिको कामना गर्छौं । उहाँहरूको सम्झनामा गरिने श्राद्ध, तर्पण र दान केवल धार्मिक कर्मकाण्ड मात्र होइनन्, आफ्ना जन्मदाता र उहाँहरूले गर्नुभएको त्यागप्रति सन्तानले व्यक्त गर्ने श्रद्धा र कृतज्ञता पनि हुन् ।

जीवित छँदा आमाबुबाको सेवा गर्नु जति आवश्यक छ, उहाँहरूको निधनपछि पनि उहाँहरूलाई श्रद्धापूर्वक सम्झिरहनु उत्तिकै महत्त्वपूर्ण छ । आमाबुबाको ऋण सन्तानले जीवनभर तिरेर सक्दैन । उहाँहरूले दिएको जन्म, माया, संस्कार र जीवनको आधारको मूल्य कुनै दानदक्षिणा वा कर्मकाण्डले पूरा गर्न सक्दैन ।

आमाको पाँचौं पुण्यतिथिमा उहाँलाई सम्झिरहेको छु । पाँच वर्ष बितिसकेछन् । समयको सुई निरन्तर अगाडि बढिरहेको छ । हाम्रो जीवन पनि आफ्नै गतिमा अघि बढिरहेको छ । तर, आमाले छाडेर जानुभएको रिक्तता भने अझै उस्तै छ । घरको आँगनमा सुनिने उहाँको आवाज, मायालु व्यवहार, हप्काइ र स्नेह आज पनि सम्झनामा ताजै छन् ।

कहिलेकाहीं लाग्छ, आमा अहिले पनि हामीसँगै हुनुहुन्छ । हाम्रा गतिविधि हेरिरहनुभएको छ । हामीलाई सही र गलत छुट्याउन सिकाइरहनुभएको छ । दुःखमा हिम्मत र अप्ठ्यारोमा धैर्य गर्न प्रेरणा दिइरहनुभएको छ ।

आमा, जीवनको अन्तिम क्षणसम्म तपाईंले हामीलाई दिनुभएको माया र गर्नुभएको त्यागका लागि हामी सधैं ऋणी रहनेछौं । तपाईंको भौतिक शरीरको सेवामा हामीबाट कुनै त्रुटि भएको भए क्षमा गरिदिनुहोला । जहाँ र जुन लोकमा हुनुहुन्छ, त्यहाँ पनि सुख, शान्ति र आनन्द प्राप्त होस् । पितृहरूसँगै तपाईंको वास होस् ।

तपाईंले देखाउनुभएको सत्य र सत्कर्मको बाटोमा हिँड्न सकूँ । बुबा र परिवारका सबै सदस्यको उचित हेरचाह गर्न सकूँ । तपाईंले जोडेर राख्नुभएको परिवारलाई सधैं एकताबद्ध राख्न सकूँ । यही नै तपाईंप्रतिको सच्चा श्रद्धाञ्जली हुनेछ ।

आमा, अर्को जन्म हुन्छ भने फेरि पनि तपाईंको कोखबाटै जन्म लिन पाऊँ । फेरि पनि तपाईंको माया र काखमा हुर्किन पाऊँ ।

आमाको पाँचौं पुण्यतिथिमा भावपूर्ण श्रद्धाञ्जली । हार्दिक सम्झना, प्यारी आमा !

इतिहासको पाना

● रतन भण्डारी

जसको नामबाट बन्यो डिल्लीबजार



काठमाडौंको डिल्लीबजारको नाम डिल्लीसिंह बस्नेतको नामबाट रहन गएको मानिन्छ । तत्कालीन राजा सुरेन्द्रको दायाँतर्फ काजीमामा र बायाँतर्फ डिल्लीसिंह बस्नेत रहेको तस्बिरले पनि यी दुई व्यक्तित्वको ऐतिहासिक परिचयलाई स्मरण गराउँछ ।

डिल्लीसिंह बस्नेतका नाति खड्गमानसिंह बस्नेत प्रधानमन्त्री मातृकाप्रसाद कोइरालाको मन्त्रिपरिषद्मा मन्त्री बनेका थिए । पञ्चायतकालमा उनले पाकिस्तान र इरानका लागि नेपाली राजदूतको जिम्मेवारीसमेत सम्हाले । प्रचण्ड गोखा काण्डमा उनले जेलनेल पनि भोगेका थिए ।

तस्बिरमा राजा सुरेन्द्रको दायाँतर्फ देखिएका व्यक्ति भने कर्नेल त्रिविक्रमसिंह थापा हुन् । उनलाई तिलकविक्रमसिंह थापा पनि भनिएको पाइन्छ । जंगबहादुर राणाका भाइहरू र विशेषगरी शमशेर खलकका राणाहरूले उनलाई नाताले मामा पर्ने भएकाले 'काजीमामा' भनेर सम्बोधन गर्थे ।

काजीमामा काजी बख्तावरसिंह थापाका छोरा थिए । जंगबहादुरकी आमा गणेशकुमारी थापा, काजी नयनसिंह थापाकी छोरी थिइन् । नयनसिंह र बख्तावरसिंह मुख्तियार भीमसेन थापाका भाइ थिए । त्यसैले गणेशकुमारी र त्रिविक्रमसिंह थापा दाजुभाइ-दिदीबहिनीको नातामा पर्थे । यही पारिवारिक सम्बन्धका कारण जंगबहादुर, उनका भाइहरू र पछि धीरशमशेरका छोराहरूले त्रिविक्रमसिंहलाई आदरपूर्वक 'काजीमामा' भनेर सम्बोधन गर्थे ।

मध्यान्ह दैनिकका लागि लेख, विचार, टिप्पणी इमेल : article.madhyanhadaily@gmail.com **मा पठाउन सक्नुहुनेछ । तपाईंले पठाएका सामग्रीलाई उचित स्थान दिइनेछ । - सं.**

यमुनामाई माविका शिक्षकले पाँच महिनादेखि पाएनन् तलब, कालोपट्टी बाँधेर अध्यापन

सत्येन्द्रप्रताप सिंह/मध्यान्ह
रौतहट, १८ कात्तिक

रौतहटको यमुनामाई गाउँपालिका-५ झुनखुनवास्थित श्री यमुनामाई माध्यमिक विद्यालयका शिक्षकहरू पाँच महिनाभन्दा बढी समयदेखि तलब नपाउँदा आर्थिक संकटमा परेका छन् । गत असारदेखि पारिश्रमिक नपाएपछि शिक्षकहरूले हातमा कालोपट्टी बाँधेर नियमित पठनपाठन गराउँदै आएका छन् ।

लामो समयसम्म तलब नपाउँदा दैनिक घरखर्च चलाउन, बालबालिकाको शिक्षादीक्षा तथा औषधोपचारको व्यवस्था गर्नसमेत कठिन भएको शिक्षकहरूको गुनासो छ। दसैं र दीपावलीजस्ता चाडपर्वमा समेत पारिश्रमिक नपाएपछि उनीहरू आर्थिक र मानसिक तनावमा परेका छन् ।



आर्थिक समस्याका बावजुद शिक्षकहरूले विद्यालयको पठनपाठन भने रोकेका छैनन् । विद्यार्थीको शैक्षिक गतिविधि प्रभावित नहोस् भन्ने उद्देश्यले कालोपट्टी बाँधेर विरोध जनाउँदै अध्यापनलाई निरन्तरता दिएका हुन् ।

विद्यालयका प्रधानाध्यापक वीरेन्द्र यादवका अनुसार तलब निकासाका लागि सम्बन्धित निकायमा पटक-पटक ताकेता गर्दा पनि सुनुवाइ भएको छैन । लामो समयसम्म पारिश्रमिक नपाउँदा शिक्षकहरूलाई दैनिक गुजारा चलाउनसमेत समस्या भएको उनले बताए ।

शिक्षकहरूले आफ्नो श्रमको उचित पारिश्रमिक तत्काल उपलब्ध गराउन सम्बन्धित निकायसँग माग गरेका छन् । लामो समयसम्म तलब नपाउँदा पनि पठनपाठन सञ्चालन गरिरहनु बाध्यता बनेको उनीहरूको भनाइ छ ।

यस विषयमा गाउँपालिका, शिक्षा शाखा तथा सम्बन्धित निकायको आधिकारिक धारणा भने समाचारमा समावेश छैन । शिक्षकहरूको बाँकी तलबभत्ता तत्काल निकासा गरी समस्या समाधान गर्न स्थानीय अभिभावक तथा शिक्षाप्रेमीहरूले पनि माग गरेका छन् । माग सम्बोधन नभए आन्दोलनका कार्यक्रम थप कडा बनाउने शिक्षकहरूले चेतावनी दिएका छन् ।

रोल्पा जलजला सेवा समाज कतारद्वारा बाढी–पहिरोपीडितलाई दुई लाख ८६ हजार सहयोग

तिलु शर्मा पौडेल/मध्यान्ह
दोहा, कतार, १८ कात्तिक

रोल्पा जलजला सेवा समाज कतारले रोल्पा र रसुवाका बाढी पहिरो तथा प्राकृतिक विपद् पीडितलाई राहत स्वरूप दुई लाख ८६ हजार रुपैयाँ आर्थिक सहयोग गरेको छ । समाजले रोल्पा जिल्लाको थवाङ गाउँपालिका-५ कोतलबारा, गङ्गादेव गाउँपालिका-७ तिमले तथा लुङ्ग्री गाउँपालिका-५ लगायतका बाढी पहिरो प्रभावित क्षेत्रका नागरिकलाई सहयोग उपलब्ध गराएको हो । त्यस्तै, रसुवा जिल्लाको बेत्रावती क्षेत्रका बाढी पीडित परिवारलाई समेत राहत रकम हस्तान्तरण गरिएको समाजले जनाएको छ ।

कतारमा संकलन गरिएको उक्त रकम सम्बन्धित पीडितसम्म पुऱ्याउन समाजका पूर्व अध्यक्ष तथा सदस्यहरू सहित सम्बन्धित वडाका पदाधिकारीमार्फत र कतिपय स्थानमा कतारमा रहेका पीडित परिवारका आफन्तमार्फत रकम हस्तान्तरण गरिएको हो ।



समाजका महासचिव गंगा बुढा मगरका अनुसार विपद्का कारण घरबार तथा सम्पत्तिमा क्षति व्यहोरेका परिवारलाई तत्कालीन राहत पुगोस् भन्ने उद्देश्यले मानवीय सहयोग अभियान सञ्चालन गरिएको हो ।

अभियान सफल बनाउन सहयोग तथा समन्वय गर्ने लुम्बिनी प्रदेशका अध्यक्ष, प्रदेशअन्तर्गतका जिल्ला संस्थाहरू, तिनका अध्यक्ष, पदाधिकारी, सदस्य तथा कतारमा रहेका सहयोगीहरूप्रति संस्थागत रूपमा समाजका अध्यक्ष बलराम जैसीले आभार व्यक्त गरेका छन् ।

विदेशमा रहेर पनि जन्मभूमि र देशका नागरिकप्रतिको सामाजिक दायित्व पूरा गर्ने उद्देश्यले सहयोग अभियान सञ्चालन गरिएको उल्लेख गर्दै समाजले आगामी दिनमा पनि मानवीय तथा परोपकारी गतिविधिलाई निरन्तरता दिने प्रतिबद्धता जनाएको छ ।

सेवा नै धर्म र मानवता नै सबैभन्दा ठुलो सम्पत्ति भन्ने मान्यतासहित समाजले विपद्मा परेका नागरिकलाई सहयोग गर्ने अभियानलाई आफ्नो सामाजिक उत्तरदायित्वका रूपमा अघि बढाएको जनाएको छ ।

पर्यटकको आकर्षण बन्दै स्यार्पुताल, होमस्टेदेखि बोटिङसम्मको सुविधा

प्रचण्ड खत्री/मध्यान्ह
रुकुम पश्चिम, १८ कात्तिक

रुकुम पश्चिमको सबैभन्दा ठुलो तथा चर्चित स्यार्पुताल पछिल्लो समय पर्यटकीय आकर्षणको केन्द्र बन्दै गएको छ । प्राकृतिक सुन्दरता, बोटिङ सुविधा र स्थानीय आतिथ्यका कारण तालमा आन्तरिक पर्यटकको आगमन बढ्दै गएको हो ।

बाँफिकोट गाउँपालिका-३ र ५ मा फैलिएको स्यार्पुताल २.६ वर्ग किलोमिटर क्षेत्रफलमा अवस्थित छ । समुद्री सतहबाट १ हजार ३ सय ७२ मिटर उचाइमा रहेको यो ताल मान्छे सुतेको आकृतिमा देखिन्छ । कर्णाली प्रदेशका उत्कृष्ट १० पर्यटकीय गन्तव्यमा समेत सूचीकृत स्यार्पुताल पछिल्लो समय घुमफिरका लागि लोकप्रिय बन्दै गएको छ ।



केही वर्षयता तालमा आन्तरिक पर्यटकको चहलपहल उल्लेख्य रूपमा बढेको स्थानीय डुंगा सञ्चालकहरू बताउँछन् । उनीहरूका अनुसार बिदाका दिन दैनिक करिब एक सय जनासम्म पर्यटक पुग्ने गरेका छन् भने सामान्य दिनमा २० देखि ३० जनाको आगमन हुने गरेको छ ।

विशेषगरी मनसुनको समयमा पानीले भरिएर स्यार्पुतालको सुन्दरता थप आकर्षक देखिन्छ । अगस्टदेखि अक्टोबरसम्म ताल पूर्ण रूपमा भरिने भएकाले यस अवधिमा पर्यटकको आकर्षण अझ बढ्ने गरेको छ । तालमा बोटिङ गर्ने, प्राकृतिक दृश्यमा रमाउने, तस्बिर खिच्ने तथा स्थानीय माछाका परिकारको स्वाद लिन पर्यटक पुग्ने गरेका छन् । तालको संरक्षण र पूर्वाधार विकासले पनि यसको पर्यटकीय आकर्षण बढाउन सहयोग पुऱ्याएको छ । डिभिजन वन कार्यालयले ताल वरिपरि घेराबार गर्नुका साथै भ्यूटावर निर्माण गरेपछि पर्यटकलाई तालको दृश्यावलोकन गर्न थप सहज भएको छ ।

पर्यटकको आगमन बढ्न थालेसँगै स्थानीयले पनि पर्यटनलाई आम्दानीको माध्यम बनाउन थालेका छन् । स्थानीयस्तरमा ११ घरमा होमस्टे सञ्चालनमा छन् । होमस्टेमार्फत पर्यटकले स्थानीय खानपान, संस्कृति र ग्रामीण जीवनशैलीको अनुभव लिन पाउँछन् ।

डोल्पा कारागारबाट भागेका आठमध्ये चार कैदी पक्राउ

डोल्पा/मस– जिल्ला कारागार कार्यालय डोल्पाबाट फरार भएका चार जना कैदीलाई प्रहरीले पक्राउ गरेको छ । प्रहरीले बुधबार त्रिपुरासुन्दरी नगरपालिका-४ डोल्पास्थित रुङ गाउँमा कमला बुढाको घरमा लुकीछिपी बसेको अवस्थामा सोही नगरपालिका-७ घर भएका जबर्जस्ती करणीसम्बन्धी कसुरमा आठ वर्ष कैद सजाय तोकिएका २९ वर्षीय कालीप्रसाद रोकाय र नलगाड नगरपालिका-९ जाजरकोट घर भई नकबजनी चोरीसम्बन्धी कसुरमा तीन वर्ष कैद सजाय तोकिएका १९ वर्षीय कैलाश भन्ने कपिल परियारलाई पक्राउ गरेको कर्णाली प्रदेश प्रहरी कार्यालय सुर्खेतका प्रवक्ता एवं प्रहरी वरिष्ठ उपरीक्षक सन्तोषसिंह राठौरले जानकारी दिए ।



उनका अनुसार मंगलबार आठबिसकोट नगरपालिका १० रुकुमपश्चिम घर भएका जबर्जस्ती करणी मुद्दाका कैदी ३२ वर्षीय रामबहादुर विक र सल्यानको कुमाख गाउँपालिका-५ सल्यान घर भएका जबरजस्ती करणी मुद्दाका कैदी २८ वर्षीय रेशम राना पक्राउ परेका थिए । चेकजाँचको क्रममा भाग्न खोज्न उनीहरुलाई प्रहरीले पक्राउ गरेको प्रवक्ता राठौरले बताए ।

यही कात्तिक १४ गते शुक्रबार बिहान ६ बजे डोल्पा जिल्ला कारागारबाट सुरुङ खनेर आठ जना कैदीबन्दी भागेका थिए । भागेका अन्य कैदीबन्दीको खोजी कार्य भइरहेको कर्णाली प्रदेश प्रहरी कार्यालय सुर्खेतले जनाएको छ ।

लिलाम बिक्रीको सूचना

दोश्रो पटक सूचना प्रकाशित मिति २०८३/०७/१५

यस सा.व.उ.स बाट संकलन भएको साल गोलिया काठ २९७.२९ क्यू.फिट लिलाम बिक्री गर्नु परेकोले सुचीकृत उद्योगहरूलाई यो २१ दिने सूचना प्रकाशित गरिएको छ । थप जानकारीको लागि समूहमा सम्पर्क राख्न सकिनेछ ।

हनफिया सा. वन उपभोक्ता समूह भानु १३, तनहूँ ।

युएईमा रोजगार कम्पनी : SUNGAVA TECHNICAL SERVICES LLC शहर : UAE
पूर्व स्वीकृत मितिः २०८३/०७/१८ चलानी नं.: ६०२६३०६७ LT. No.: 350000

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब AED	मासिक तलब ने. रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Tiles Fixer (All Rounder)	4	0	सम्बन्धित कामका दक्ष	1500	६१,७८५	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2.	Assistant Plumbers	5	0		1200	४५,४२८							
3.	Bldg. Painter	6	0		1500	६१,७८५							
4.	Cont. Plumber	4	0		1500	६१,७८५							
5.	Cleaner (Hotel)	0	3		1200	४५,४२८							
6.	False Ceiling/partion Fixer	1	0		1500	६१,७८५							
7.	Tiles Fixer Helper	5	0		1200	४५,४२८							
8.	Office Cleaner	0	6		1200	४५,४२८							
9.	Buildings Painter Assistant	4	0		1200	४५,४२८							
10.	Assistant Electrician	7	0		1200	४५,४२८							

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ कार्तिक २६ गते (12 November 2026) मा हुनेछ ।

स्वदेशमा सर्भे मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा सर्भे मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा भिसा प्रशो/जाने बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारसंग बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	अभिलेखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २४९६ कामदारले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,५०० कामदारले	नि:शुल्क

MARVELOUS EMPLOYMENT NEPAL Lic.No. 065/051/052 AN ISO 9001-2008 Certified Company

मार्भलस इम्प्लोएमेन्ट नेपाल प्रा. लि.
काठमाडौं-३१, शान्तिनगर, काठमाडौं. फोन नं. ०१-४६२०९२९, ४६२११७६
9801042619 (Kumar Gauli), E-mail : marvelousnepal98@gmail.com

Ghauwa Mahila Samudayik Ban Upabhokta Samuha
Shitganga 11 Arghakhanchi
Invitation For Bids

Date of Publication: 2083-07-19 (05 November 2026)

Ghauwa Mahila Samudayik Ban Upabhokta Samuha , Si Na. Pa.-11 Arghakhanchi invites sealed bids (hardcopy only) from eligible bidders for following works under national competitive bidding system. All other information and bid document can be obtained from Ghauwa Mahila Samudayik Ban Upabhokta Samuha.
Information to deposit the cost in the bank:
Name of Bank: Rastiya Banijya Bank, Sandhikharka, Arghakhanchi
Name of Office: Ghauwa Mahila Samudayik Ban Upabhokta Samuha
Account No: 3050100002525001 (For Bid Document and Bid Security)

Tender No.	Name Of Project	B id Price (Non refundable)	Bid Security Amount	B id Security Valid Period	Last date of bid purchase	Last date of bid submission	Bid Open	Estimated Amount (Including Vat and PS)
GMSBUS/W/NCB/ 01/ 083/084	Constructions of office building using wood.	3000	68000	120 days	2083/08/09 4:00 noon	2083/08/10 12:00 noon	2083/08/10 1:00 noon	2269808.99

लिम्चुङबुङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बाराहा, उदयपुर

Hardcopy बोलपत्र आहबान सूचना

प्रकाशन मिति : २०८३/०७/१५ (November 5, 2026)

यस गाउँपालिकाको तपसिल बमोजिमको सार्वजनिक निर्माण कार्य हार्डकपि खरिद प्रणाली मार्फत गर्नुपर्ने भएकोले इच्छुक र इजाजत प्राप्त फर्म/कम्पनि/संस्थाले देहाय बमोजिमको शर्तहरुको अधिनमा रही रितपूर्वकको बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

ठेक्का नं.	योजनाको नाम	ठेक्का प्रक्रिया	बोलपत्र मुल्य र मान्य अबधि (90 days)	धरौटी रकम र मान्य अबधि (120 days)	लागत रकम मु.अ कर र पीएस बाहेक
LRM/UDA/W/ NCB/01/2083-84	Rautamai-1 Majhkharka-limchungbung Gaunpalika 3 Baraha sadak Nirman	NCB	Nrs 3,000.00	Rs. 4,60,000.00	Rs. 1,60,97,629.88
LRM/UDA/W/ NCB/02/2083-84	Chanaute-Laikughat-Kunahi-Kumaltar Antarpalika Jodne sadak	NCB	Nrs 3,000.00	Rs. 3,60,000.00	Rs. 1,15,19,753.19
LRM/UDA/W/ NCB/03/2083-84	Rajkhau-laaku Balamtah-Tamlichha Baraha Sadak Nirman	NCB	Nrs 3,000.00	Rs. 2,80,000.00	Rs. 87,54,719.11
LRM/UDA/W/ NCB/04/2083-84	Jaante Balamtah Tamlichha Baaukha Bansbote Sadak Nirman	NCB	Nrs 3,000.00	Rs. 2,80,000.00	Rs. 88,00,276.05

बोलपत्र पेश गर्ने तालिका चेक बैंक विवरण

बोलपत्र खरिद गर्ने अन्तिम मिति र समय	बोलपत्र दाखिल गर्ने अन्तिम मिति	बोलपत्र खोल्ने मिति	खाता विवरण (Nepal SBI Bank Limited)	
			बोलपत्रको लागि	धरौटि लागि
२०८३/०८/१० November 26th 2026 कार्यलय समयसम्म	२०८३/०८/११ November 27th 2026 दिनको १२:०० सम्म (12:00 PM Noon)	२०८३/०८/११ November 27th 2026 दिनको २:०० सम्म (14:00 Pm noon)	Name of Account: GA.1.1, Aantarik Rajashwa Khata A/C: 43295241207004 (Bid Doc Price)	Name of Account: Dharauti Khata A/C: 43225240600003

– बोलपत्रदाताहरुले थप जानकारी लिम्चुङबुङ गाउँपालिकाको कार्यालयबाट लिन सक्नुहुने छ, ९८१२३७०४५५ ।
– अन्य कार्यविधिहरु सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ तथा नेपाल सरकारको अन्य प्रचलित कानून बमोजिम हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

बागमती प्रदेशको ललितपुर जिल्ला कोन्ज्योसोम गाउँपालिका वडा नं. १, २ र ३ भएर बग्ने ठोस्ने खोलाको बगर क्षेत्रबाट ढुङ्गा, गिट्टी, बालुवा, ग्रामेल तथा नदिजन्य पदार्थको उत्खनन् तथा सङ्कलन कार्यका लागी प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना

प्रकाशित मिति २०८३/०७/१५

बागमती प्रदेश, ललितपुर जिल्ला कोन्ज्योसोम गाउँपालिकाद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

प्रस्तावकको नाम र ठेगाना	कोन्ज्योसोम गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, चौघरे, ललितपुर, बागमती प्रदेश, नेपाल फोन नं. ९८५११९९११४ इमेलः konjyosom2075@gmail.com वेबसाइट: www.konjyosommun.gov.np
प्रस्तावको व्यहोरा	ठोस्ने खोलाको विभिन्न बगर क्षेत्रबाट दीगो रुपमा नदिजन्य पदार्थ उत्खनन् तथा सङ्कलन
प्रभाव पर्ने सक्ने जिल्ला/गा.पा.	ललितपुर जिल्ला/ कोन्ज्योसोम गाउँपालिका वडा नं.१, २ र ३

माथि उल्लिखित प्रस्तावको प्रारम्भिक वातावरणीय परिक्षण सम्बन्धी प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रहरुको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, सांस्कृतिक प्रणाली र आर्थिक प्रणालीबीच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न कोन्ज्योसोम गाउँपालिका वडा नं. १, २ र ३ तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

राय सुझावको लागि पत्राचार गर्ने ठेगानाहरु:

प्रस्तावकको नाम र ठेगाना	कोन्ज्योसोम गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, चौघरे, ललितपुर, बागमती प्रदेश, नेपाल फोन नं. ९८५११९९११४ इमेलः konjyosom2075@gmail.com वेबसाइट: www.konjyosommun.gov.np
परामर्शदाताको नाम र ठेगाना	पिस कन्सल्ट प्रा. लि. पुल्चोक, ललितपुर, नेपाल फोन नं. ९८४९१०६०३२

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

‘पाँच पाण्डव’को प्रदर्शन रोक्न गृह मन्त्रालयको निर्देशन



काठमाडौं/मस- गृह मन्त्रालयले प्रदर्शनको तयारीमा रहेको नेपाली चलचित्र ‘पाँच पाण्डव’को प्रदर्शन रोक्न निर्देशन दिएको छ। निर्माण टिमका अनुसार गृह सचिवले सञ्चार सचिवलाई टेलिफोनमार्फत चलचित्रको प्रदर्शन रोक्न निर्देशन दिएका हुन्।

चलचित्रका निर्देशक वसन्त निरौलाले सञ्चार मन्त्रालयबाट आफूहरूलाई फोन गरी प्रदर्शन रोक्ने सम्बन्धमा पत्र तयार भइरहेको जानकारी गराइएको बताए । मन्त्रालयले पत्र लिन आउनसमेत भनेको उनको भनाइ छ।

निरौलाका अनुसार चलचित्रको प्रदर्शनसँगै सिनेमा हलमा बुकिङ प्रक्रिया पनि रोक्न निर्देशन दिइएको छ । निर्माण टिमले यसबारे आधिकारिक पत्र बुझ्ने तयारी गरिरहेको छ।

चलचित्रमा हिन्दु धर्मग्रन्थ महाभारतका पाँच पाण्डव र द्रौपदीको चरित्रलाई गलत ढंगले प्रस्तुत गरिएको भन्दै विभिन्न हिन्दु धार्मिक संघसंस्थाले विरोध जनाउँदै आएका थिए । ती संस्थाहरूले सञ्चार मन्त्रालयमा ज्ञापनपत्र बुझाएर चलचित्रको प्रदर्शन रोक्न माग गरेका थिए । सामाजिक सञ्जालमा समेत द्रौपदीको चरित्र चित्रण र उनलाई आइटम गीतमा प्रस्तुत गरिएको विषयलाई लिएर विवाद भइरहेको थियो । यद्यपि, निर्माण पक्षले चलचित्रले धार्मिक आस्था र सहिष्णुतामा आँच पुऱ्याउने उद्देश्य नराखेको स्पष्ट पार्दै आएको छ।

चलचित्र जाँच समितिले प्रदर्शन रोक्ने निर्देशन आउनुअघि नै ‘पाँच पाण्डव’लाई युनिभर्सल सर्टिफिकेट प्रदान गरिसकेको थियो । अर्थात्, चलचित्रले सबै उमेर समूहका दर्शकले हेर्न मिल्ने गरी प्रदर्शन अनुमति पाइसकेको थियो।

निर्माण पक्षले सरकारी निकायबाट प्रदर्शनको अनुमति प्राप्त गरिसकेको चलचित्रलाई अन्तिम समयमा रोक्नु अभिव्यक्ति स्वतन्त्रतामाथिको हस्तक्षेप हुने बताएको छ । प्रचारप्रसारमा ठुलो रकम खर्च भइसकेको अवस्थामा प्रदर्शन रोकिँदा आफूहरू आर्थिक रूपमा समेत प्रभावित हुने निर्माण टिमको भनाइ छ। निर्माण पक्ष अहिले निर्धारित मितिमै चलचित्र प्रदर्शन गर्ने वातावरण बनाउन सरकारसँग छलफल गर्ने तयारीमा छ।

चलचित्रमा हरिवंश आचार्य युधिष्ठिर, जितु नेपाल भीम, आर्यन सिग्देल अर्जुन, महेश त्रिपाठी नकुल र सुशील सिटौला सहदेवको भूमिकामा छन् । त्यस्तै, इभा गिरी द्रौपदीको भूमिकामा देखिने बताइएको छ । सुशील पौडेलको कथा, पटकथा तथा संवाद रहेको चलचित्रलाई वसन्त निरौलाले निर्देशन गरेका हुन् । नवीन श्रेष्ठ प्रस्तुतकर्ता रहेको चलचित्रमा श्याम तामाङको छायांकन र सुप्रिम पराजुलीको सम्पादन रहेको छ ।

चलचित्र यही कात्तिक २० गतेदेखि प्रदर्शनमा ल्याउने तयारी गरिएको थियो । प्रदर्शन मिति नजिकिँदै गर्दा आएको सरकारी निर्देशनले यसको प्रदर्शन अन्योलमा परेको छ ।

सूर्यप्रसाद लाकोजूको ‘एक झुल्को घाम’माथि चर्चा



काठमाडौं/मस- कवि सूर्यप्रसाद लाकोजूले नवीन कविता कृति ‘एक झुल्को घाम’माथि परिचर्चा कार्यक्रम सम्पन्न भएको छ । देवाः पत्रकार राष्ट्रिय दबूः काभ्रे शाखाको आयोजनामा सम्पन्न सो परिचर्चा कार्यक्रममा देवाः पत्रकार राष्ट्रिय दबूका केन्द्रीय सचिव राजु नापितले आउँदै गरेको तिहारको शुभकामना दिँदै नेपाली साहित्यमा सूर्य लाकोजुजस्ता जनजातिको प्रतिनिधित्व गर्ने साहित्यकारहरूको उल्लेखनीय भूमिका रहेको बताए ।

कवि लाकोजूले कविता सदैव सकारात्मक सन्देश बोकेको हुनुपर्ने विचार व्यक्त गरे । कविताले सदैव सद्भाव, समभाव र सहभावको चेतना छर्नुपर्ने उनको भनाइ छ । साहित्यकार तथा पत्रकार हरिसुन्दर छुकांले पुस्तकमाथि आफ्नो समालोचकीय टिप्पणी प्रस्तुत गरे । उनले कविताहरू घामजस्तै उज्याला र बलिया रहेको विचार पोखे । कृतिमा समेटिएका कविताका विषयवस्तु, भाव, शैली, सामाजिक चेतना तथा कविको काव्यचेतनाका विविध पक्षबारे उनले चर्चा गरे । समारोहमा साहित्यकार कृष्णकुमार वैद्य, नवराज दाहाल उत्साही, विजयराम कर्माचार्य, सिद्धिबहादुर कर्माचार्य, पत्रकार इन्द्रबहादुर थापा, सनम सुवाल, विपशना शाक्य, अञ्जली तामाङ, हर्षनारायण कमाचार्य, टीकाभक्त भोछिभोया, दिलीप श्रेष्ठ, विश्वराम मानन्धर, अर्चना कर्माचार्यलगायतले शुभकामना दिएका थिए । कार्यक्रम देवाः पत्रकार राष्ट्रिय दबूः काभ्रे शाखाका सभापति शम्भुलाल श्रेष्ठको सभापतित्वमा सम्पन्न भएको थियो।

तीन दर्जनभन्दा बढी कृतिका सर्जक लाकोजूले नेपाली साहित्यका कविता, मुक्तक, गीत, निबन्ध, हाइकु, नियात्रा, अनुसन्धान, अनुवाद, कथा जस्ता विधामा कलम चलाउँदै आएका छन् । यस कृतिसँगै उनी सात वटा कवितासंग्रहका सर्जक भएका छन् । घामकविको रुपमा प्रख्यात कवि लाकोजू लामो समयदेखि साहित्यिक पत्रकारितामा समेत क्रियाशील रहँदै आएका छन्।

कान्तिपुर फर्मास्युटिकल्स ल्याब लिमिटेड

तेस्रो बार्षिक साधारणसभाको सूचना

(दोस्रो पटक प्रकाशित मिति २०८३।०७।१९)

यस कम्पनीको मिति २०८३/०७/१५ मा बसेको सञ्चालक समितीको बैठकको निर्णयबाट यस कम्पनीको तेस्रो बार्षिक साधारणसभा निम्न लिखित मिति समय र स्थानमा निम्न लिखीत विषयहरु उपर छलफल गर्नका लागि बस्ने निर्णय भएको हुँदा सम्पुर्ण शेयरधनी महानुभावहरुमा उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछौं ।

सभाहुने मिति, समय र स्थान

मितिः-२०८३/०८/१३ गते आइतबार

समयः-अपरान्ह ४ बजे ।

स्थानः- स्वयाम्भु होटेल, पुल्चोक ललितपुर ।

छलफलका बिषयहरुः-

(क) साधारण प्रस्तावहरू

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूबाट पेश हुने आर्थिक वर्ष २०८२/०८३ को वार्षिक प्रगति प्रतिवेदन प्रस्तुत गरी छलफल तथा पारित गर्ने सम्बन्धमा ।

२. लेखापरीक्षकको प्रतिवेदनसहित कम्पनीको आर्थिक वर्ष २०८२/०८३ को वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र सोसँग सम्बन्धित अनुसूचीहरूसहितको वित्तीय विवरण उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।

३. कम्पनी ऐन, २०६३ को दफा ११९ बमोजिम कम्पनीको आर्थिक वर्ष २०८३/०८४ को लागि बाह्य लेखापरीक्षक नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।

४. सञ्चालक समितिको आर्थिक वर्ष २०८२/०८३ को बैठक भत्ता तथा अन्य सुविधाहरू अनुमोदन गर्ने तथा आर्थिक वर्ष २०८३/०८४ का लागि बैठक भत्ता तथा अन्य सुविधा निर्धारण गर्ने सम्बन्धमा ।

५. विविध ।

लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरमा मिति २०७७/०८/१६ दर्ता भएको **प्रा. लि. नं. २४८६२६/०७७/०८८** को **एविन्स प्रोडक्सन्स प्रा. ली.** को मिति २०८३/०५/०४ मा विशेष बैठकले विशेष प्रस्ताव पारित गरि निर्णय भए अनुसार कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी (लिक्विडेशन) मा लैजाने निर्णय अनुसार यस कम्पनीमा कोही कसैको केही बाँकी बक्यौता भएमा वा लेनदेन आदि बांकी भएमा वा खारेजि गर्नु नपर्ने अन्य कुनै कारण भएमा तध्ययुक्त आधार र सबुत प्रमाण सहित यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र हकदाबि गर्न निम्न लिखित लिक्विडेटरको कार्यालयमा सम्पर्क राख्नुहुन सूचित गरिन्छ ।

लिक्विडेटरः सुनिश्चित मोक्तान, इजाजत पत्र नं. ५८४

ठेगानाः बालकोट-२, भक्तपुर, फोन नं. ८८५११७०५३८

नेपाल सरकार

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

कम्पनी रजिष्ट्रारको कार्यालयको

कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०७४/०९/२१ मा दर्ता भएको **प्रा.लि.नं. १८१२७२** को **बिमनेप अन्लाईन सपिङ प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०७/१८ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

कम्पनी रजिष्ट्रारको कार्यालयको

हकदावी गर्न आउने बारेको सूचना

यस कार्यालयमा मिति २०७२/१२/२३ मा दर्ता भएको श्री **सांग्रीला डेण्टल क्लिनिक एण्ड ल्याब प्रा. लि. (प्रा.लि. नं. १४७५१७)** नामक कम्पनीले दर्ता दाखेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

नेपाल सरकार

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

कम्पनी रजिष्ट्रारको कार्यालयको

कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०७४/०९/११ मा दर्ता भएको **प्रा.लि.नं. १८०५६५** को **सिध्द कुमाख निर्माण सेवा प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०७/१७ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

Saudi मा रोजगार Fawaz Bin Ali Al-shammari Transport Corporation

पूर्व स्वीकृती मिति: २०८३/७/१७ चलानी नं. ६०२६३०२९ LT No.: 349931

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	न्यूनतम योग्यता	मासिक तलब SR.	मासिक तलब ने.रू.	ओभर टाइम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
१.	Loading & Unloading Worker	4	सम्बन्धित कामना दक्ष	1000	८०,२३०।-	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
२.	Heavy Truck Driver	2		1800	७२,४१५।-							

Advanced Tracks Logistics Company पूर्व स्वीकृती मिति: २०८३/७/१८ चलानी नं. ६०२६३०५२ LT No.: 349930

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	न्यूनतम योग्यता	मासिक तलब SR.	मासिक तलब ने.रू.	ओभर टाइम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
१.	Heavy Truck Driver	18	कामना दक्ष	1800	७२,४१५।-	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने	स्वदेशमा गरिने भिसा खर्च कसले व्यहोर्ने र कति लाग्ने	रोजगारदाता फरक हुने र कति लाग्ने	हवाई टिकट कसले दिने र कति लाग्ने	भिषा शुल्क कसले दिने रकति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	कल्याणकारी कोष	अभिमुखीकरण शुल्क	सेवा शुल्क
कामदार आफैले	रोजगारदाता कम्पनीले व्यहोर्ने	कामदार आफैले	हुने रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु. २,४९६।- कामदार आफैले	रु. १,५००।- कामदार आफैले	रु. ७००।- कामदार आफैले	निःशुल्क

अन्तरवार्ता २०८३ कार्तिक २६ गते (12 Nov., 2026) यस प्रा. लि. को कार्यालय लाजिम्पाट काठमाडौमा हुनेछ ।

कसमस नेपाल ह्युम्यान रिसोर्स प्रा. लि. श्रम ईजाजत नं. ७३३/०६४/०६५

लाजिम्पाट-२, काठमाडौं, नेपाल, फोन नं. : 01-4445794, 4445793, 9802099983, 9801199984, 9865728265, 9803269111, Contact Person : 9802099984 (Nirmal Rawal) , Email: info@cosmosnepalhr.com

युएईमा रोजगार कम्पनी: KHIDMAH- SOLE PROPRIETORSHIP L.L.C. UAE शहर : UAE

पूर्व स्वीकृत मिति:२०८३/०७/१७ चलानी नं.: ६०२६३०२१ LT. No.350188

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब AED	मासिक तलब ने. रू.	ओभर टाइम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Cleaners (Male)	50	0	सम्बन्धित कामना दक्ष	1000	४११५०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2.	Cleaners (Ladies)	0	150		1000	४११५०							

कम्पनी: FURSAN SECURITY SERVICES L.L.C शहर : UAE

पूर्व स्वीकृत मिति:२०८३/०७/१७ चलानी नं.: ६०२६३०२२ LT. No.350041

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब AED	मासिक तलब ने. रू.	ओभर टाइम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Male Security Guard	198	0	स. कामना दक्ष	2000	८२३८०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा मिति २०८३ कार्तिक २६ गते (12 November 2026) मा हुनेछ ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कसले व्यहोर्ने	स्वदेशमा गरिने भिसा खर्च कसले व्यहोर्ने र कति लाग्ने	रोजगारदाता फरक हुने र प्रिमियम कसले तिर्ने	कामदारलाई हवाई टिकट कसले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कसले व्यहोर्ने	भिषा स्टाम्पीङ शुल्क कसले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कसले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २४९६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,७०० कामदारले	रु. १०,००० कामदारसे

वैदेशिक रोजगार विभागबाट सरदाहुको जानकारी :- १. आफ्नो नामना भिसा प्राप्त भईसके पश्चिमा भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । २. आफ्नु काम गर्न जाने सुनुवाना रोकेको नेपाली कुटनैतिक मिसोनको सम्पर्क ठेगाना र फोन नं. हर सामना राख्नु होला । आफू काठमाडौमा पर्दा सम्पर्क गर्न सकिने हुन्छ । ३. श्रम विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कतैबाट माँगेमा हामीलाई जानकारी दिनुहोला । ४. विदेश जान अघि अभिमुखीकरण वा ईपक्षमन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जान अघि आफ्नो जाने मुलुक, काम दिने कम्पनी, पाउने तेवा तथा सुविधा र अन्य जानकारी रोजगार पोर्टल मार्फत सम्पनीमा पठाना हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला । ६. कामना विदेश जाउँदा नेपालकै विमालयमार्फत प्रमोम गर्नु होला, अन्यथा दावित्व सम्पनाका हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, तहनाममा सम्पर्क गर्नु होला ।

I.M.G. NEPAL PVT.LTD. Gov. Lic No. 1777 /082/083

Ekantakuna-13, Lalitpur, Nepal | Contact : 015415570, Email: imgnepal443@gmail.com

युएईमा रोजगार कम्पनी: Jan Aman Technical Services L.L.C शहर: DUBAI

पूर्व स्वीकृत मिति: २०८३/०७/१८ चलानी नं.: ६०२६३०३४ LT. No.: 349964

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब AED	मासिक तलब ने. रू.	ओभर टाइम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	BRICKLAYER	4	0	स. कामना दक्ष	1500	६१७८५	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौमा २०८३ कार्तिक २६,२७ गते (12,13 November 2026) मा हुनेछ ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने भिसा खर्च कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारदाता फरक हुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २४९६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,७०० कामदारले	रु. १०,००० कामदारसे

